# सदाचारीता समुहहरु

## निर्देशिका पुस्तक

**विषय सूची**

१. परिचय

२. निर्देशिका पुस्तकको प्रयोग

३. सदाचारीता

४. भ्रष्टाचार विरुद्ध

५. पारदर्शिता र जवाफदेहिता

६. असल नागरिकका अधिकार र कर्तव्य

७. नेतृत्व

८. समावेशीकरण

९. सामुदायिक सदाचारीताको विकास

१०. थप स्रोतहरु

११. शब्दावली

परिक्षेद १ : सदाचारीता समुहहरुका लागि निर्देशिका

परिक्षेद २ : सामुदायिक सदाचारीता विकास कार्यमा संलग्नता निर्देशिका

परिचय

यस निर्देशिका इन्टिग्रिटी एक्सनले २०१६ को फेब्रुअरी २२ देखि २५ सम्म जोर्डनमा आयोजना गरेको कार्यशालामा सहभागी सामुदायिक संस्थाहरु, शैक्षिक विज्ञहरु र केन्या, प्रजातान्त्रिक गणतन्त्र कंगो -डिआरसी), प्यालेस्टाइन र नेपालका विभिन्न संस्थागत प्रतिनिधीहरुको संयुक्त प्रयासको सफलता हो।

आफ्नो समुदायमा सदाचारीता समुहहरु निर्माण गर्ने इच्छा देखाएका इन्टिग्रिटी एक्सनका साझेदार संस्थाहरुले विशेष रुपमा यो प्रारुप (सामान्यरुपमा कार्यशाला) को अनुरोध गरेका थिए। यद्यपी सदाचारीता समुहह समुहहरुका उदाहरणहरु विभिन्न देशमा पाइन्छन र यसका निर्देशिकाहरु सजिलै उपलब्ध छन् तर उपलब्ध कुनै पनि उदाहरणहरुले इन्टिग्रिटी एक्सन र यसका साझेदार संस्थाहरुको चाहेका उपलब्धी प्रतिबिम्बित गर्दैनन् जस्तै विद्यार्थीले नेतृत्व गरेका समुहहरु जहाँ सदस्यहरुले निष्ठाको अवधारणा सिक्न र यसलाई व्यवहारिक रुपमा लागु गर्न सकुन्।

यो निर्देशिकाले सामुदायिक सदाचारीता विकासका अवधारणा प्रयोग गरेर युवाहरुलाई शिप र ज्ञान प्रदान गरी आफ्नो समुदायका सेवा तथा परियोजनाहरुको अनुगमन गर्न सक्ने सदाचारीता युवा निर्माताहरु विकास गर्ने लक्ष्य लिएको छ।

कार्यशालाका क्रममा विद्यार्थी तथा शिक्षकहरु वा समुह नेताहरु नवीन कार्य गर्न स्वतन्त्र होउन् भन्ने सोचका साथ विस्तृत निर्देशिकाको सट्टा साधारण पुस्तक उपयोगी हुने निर्णय गरियो। समुहहरुलाई आफ्नै कृयाकलापहरु बनाउन र आफ्ना लागि उपयोगी विषयहरुमा छलफल गर्न प्रोत्साहन दिइएको छ।

यसकारण यो निर्देशिका जिवित आलेखका रुपमा रहने अपेक्षा गरिएको छ जसलाई आवश्यकता अनुसार बढाउन, संसोधन गर्न तथा कुनै पनि संदर्भमा परिवर्तन गर्न सकिन्छ। इन्टिग्रिटी एक्सन आफ्ना साझ्दार संस्थाहरुलाई यो निर्देशिकालाई अझ परिस्कृत गर्न तथा नवीन सोच तथा विषयहरु समावेश गर्न प्रोत्साहित गर्छ।

यो निर्देशिकालाई कसरी प्रयोग गर्ने भन्ने निर्देशिका यस पछिको पानामा रहेको छ। उपयोगी थप स्रोतहरु र शब्दावली यस निर्देशिकाको अन्त्यमा रहेका छन्। अन्त्यमा परिक्षेत्र १ र २ ले कसरी सदाचारी समुहहरु निर्माण गर्ने र कसरी सामुदायिक सदाचारी विकासका कामहरु गर्ने भन्ने बारेमा संक्षिप्त जानकारी दिन्छन्।

थप जानकारीका लागि, कृपया हामीलाई अनलाइनमा भेट्नुहोस वा सम्पर्क गर्नुहोस।

Integrity Action
364 City Road
London EC1V 2PY
U.K.

फोन +44 203 119 1187

info@integrityaction.org

**निर्देशिकालाई कसरी प्रयोग गर्ने ?**

यसको संरचना निकै साधारण छ। यस निर्देशिकामा जम्मा ७ वटा विधि (पाठ्यक्रमहरु) रहेका छन्। विधिहरुको प्रयोगका लागि कुनै क्रम छैन : शिक्षक वा समुह नेताले क्रमबद्ध रुपमा यसको प्रयोग गर्न सक्छन् वा आवश्यकताहरु कुनै पनि भाग प्रयोग गर्न सक्छन् । सम्पूर्ण सामाग्री तथा कृयाकलापहरु सुझाव हुन् र अझ परिस्कृत गर्न वा परिवर्तन गर्न सकिन्छ।

**ध्यान दिएर सोचौं** (**फुड फर थट**) खण्डमा केही प्रश्नहरु छन् जुन खुल्ला छलफलका लागि प्रयोग गर्न सकिन्छन् र यसका लागि कुनै विषयगत पूर्वज्ञानको आवश्यकता छैन। विद्यार्थीहरुले आफ्ना विचार परिवर्तन गरे वा थप केही भन्न चाहन्छन् कि भनेर हेर्नका लागि त्यही प्रश्नहरु मोड्युल प्रयोग गरिसके पछि पुनः सोध्न सकिन्छ।

**छलफलका लागि प्रस्तावित विषयहरु** खण्डमा विधि भित्रै उपयोग गर्न सकिने केही सीमित विषयहरु राखिएका छन् । प्रायजसो यी विषयहरु देश विषेश रुपमा छन् र आवश्यकता अनुसार परिवर्तन वा विस्तार गरिनुपर्ने खालका छन् ।

**प्रस्तावित कृयाकलापहरु** खण्डमा केही सीमित कृयाकलापहरु छन् जुन माथिका खण्डमा उल्लेख भएका सैद्धान्तिक विषयहरु अनुरुप छन्। मुख्य रुपमा जम्मा तीन किसिमका कृयाकलापहरु रहेका छन्।

१.  समुह आधारित

२.  विद्यालय आधारित


३.  समुदाय आधारित

यसका साथै सामुदायिक सदाचारीता निर्माणमा आधारित कृयाकलापहरु जनाउनका लागि  चिन्ह रहेको छ । यी कृयाकलापहरु विशेष रुपमा सामुदायिक सेवा वा परियोजनाको अनुगमन गर्नका लागि आवशयक शिप अभिबृद्धि गर्नका लागि उपयोगी छन्। समुहले कक्षामा आधारित, विद्यालय आधारित र सामुदायिक सदाचारीता निर्माण आधारित मिश्रित कृयाकलापहरु प्रयोग गर्नु निकै महत्वपुर्ण छ।

 चिन्हले कुनै पनि विषय वा कृयाकलापका बारेमा उपलब्ध थप स्रोतका बारेमा जानकारी दिन्छ। यी स्रोतहरुका बारेमा जानकारी प्रारुपको अन्त्यमा उपलब्ध छन्।

निर्देशिकाको अन्त्यमा शब्दावलीहरु उपलब्ध छन्।

यस निर्देशिकालाई युवामैत्री र अझ रोचक बनाउका लागि प्रसिद्ध व्यक्तिहरुका भनाईहरु, फोटोहरु, आख्यानहरु, कलाहरु, चित्रहरु, खेलहरु, प्रश्न उत्तर, श्रव्यदृष्य तथा अन्य अन्तरकृयात्मक सामाग्रीहरुको प्रयोग गरी अझ विस्तार गर्न सकिन्छ।

कृयाकलापहरु र सामाग्रीहरुलाई सहभागीको उमेर समुह अनुसार परिस्कृत गरिनुपर्छ। यो प्रारुप १५ - १८ वर्ष समुहका युवाहरुलाई लक्षित गरेर बनाइएको छ।

सामान्य कृयाकलापहरु जुन विषेशरुपमा कुनै मोड्युल आधारित छैनन् र कुनै पनि समय प्रयोग गर्न सकिन्छन् यस प्रकार रहेका छन्।

- समुह भित्रै वा अन्तर समुह प्रतियोगिता - यी कृयाकलापहरु वार्षिक रुपमा आयोजना गर्न सकिन्छन् र विभिन्न खालका हुन सक्छन् जस्तै कविता, फोटो, चित्रकला प्रतियोगिता, हाजिरीजवाफ, सामाजिक लेखापरिक्षण कृयाकलाप आदि
- विद्यालय सदाचारीता साता/दिन - सदाचारीता समुहले सदाचारीता भनेको के हो भनेर रमाईलो कृयाकलाप, नाटक, नाच आदिको माध्यमबाट विद्यालय वा समुदायलाई बुझाउने अवसर पाउँछन्।
- सदाचारीता बुलेटिन - विद्यालय/समुदायमा वितरण गर्नका लागि
- बार्षिक शिविर/भ्रमण
- रेडियो/टिभीका कार्यक्रमहरुमा विद्यार्थी सहभागिता
- अतिथी वक्ताहरु - केही वक्ता/विज्ञहरुलाई कुनै विशेष विषयमा (जस्तै स्थानीय संस्था जसले सुशासण प्रबर्द्धन गर्छ) वोल्नका लागि वा विद्यार्थीलाई कुनै विशेष शीप (जस्तै कसरी बजेटका बारेमा बुझ्ने वा कसरी सुचना माग्नका लागि निवेदन दिने) सिकाउनका लागि निमन्त्रणा दिन सकिन्छ।

माथि उल्लेखित सूचीहरु खाली उदाहरणहरु मात्र हुन्। विद्यालय र समुदायभित्र बृहत कृयाकलापहरुका बारेमा छलफल गर्न र लागु गर्नका लागि शिक्षक, समुह नेता तथा विद्यार्थीहरुलाई हामी प्रोत्साहन गर्छौं।

हामी, इन्टिग्रिटी एक्सन, यो आशा गर्छौं कि तपाईलाई यो निर्देशिका निकै उपयोगी लाग्नेछ र तपाईका आगामी कार्यका लागि अग्रिम शुभकामना व्यक्त गर्दछौं।

## सदाचारीता

**ध्यान दिएर सोचौँ (फुड फर थट)**

**यदि तपाईको अभिभावक तपाईको शिक्षक पनि हुनुभएको भए र आफ्नो परिक्षाको प्रश्नपत्र कक्षाका अरु साथीभन्दा पहिले नै हेर्नपाउने अवसर पाउनुभयो भने के तपाई हेर्नुहुन्छ ?**

**तपाई आफ्नो परिवारसँग गाडीमा सवार गर्दै हुनुहुन्छ र जसले गाडी हाँकीरहनुभएको छ उहाँले अपांगता भएका व्यक्तिको गाडी पार्क गर्नका लागि छुट्याइएको स्थानमा गाडी रोक्नुभयो। अब तपाई के गर्नुहुन्छ ?**

**के तपाई पैसाका लागि परिक्षाको प्रश्नपत्र विद्यार्थीलाई देखाउने शिक्षकको विरुद्ध उजुरी दिनुहुन्छ ?**

**यदि तपाई उभिनुभएको पुलको नक्सा निर्माण गर्ने इन्जिनियरले आप्नो अन्तिम परिक्षा चोरेर पास गरेको थाहा पाउनुभयो भने के तपाई उक्त पुलको प्रयोग गर्नुहुन्छ ?**

**छलफलका लागि प्रस्तावित विषयहरुः**

१. **सदाचारीताको परिभाषा** : फरक फरक परिभाषा प्रयोग गर्न सकिन्छ। उदाहरणका लागि - सदाचारीताको भनेको अरुले नदेख्दा पनि सही काम गर्नु हो वा तपाईले जे गर्छु भनेर वाचा गर्नुभएको छ त्यही गर्नु हो। यद्यपी इन्टिग्रिटी एक्सनले आफ्नै परिभाषा बनाएको छ, जुन एक सुत्रको रुपमा रहेको छ ।

**सदाचारीताः I = a (A C E) – c**

**सदाचारीता (I) भनेको भ्रष्टाचार* (C) विनाको जवाफदेहिता (A) क्षमता (C) र नैतिक व्यवहार (E) भ्रष्टाचार रहित (C) को पंत्तिवद्ध एकरुपता हो।**

इन्टिग्रिटी एक्सन तल उल्लेखित विषयको पंत्तिवद्ध एकरुपताका रुपमा सदाचारीतालाई परिभाषित गर्दछ।

- ✓ जवाफदेहिता
  - हामी अफ्नो कार्यको जिम्मेवारी लिन्छौँ
  - हामी जे भन्छौ त्यो पुरा गर्छौँ
  - हामी हाम्रा सरोकारवालाई हाम्रो कार्यको अनुगमन गर्नका लागि आवश्यक पर्ने जानकारी उपलब्ध गराउछौँ।
- ✓ क्षमता
  - कार्य सम्पादनका लागि आवश्यक शीप हामीसँग छ।
  - हामी आफ्नो काम राम्ररी गर्छौँ।
  - हामी आफ्नो काम व्यवसायिक रुपमा गर्छौँ

- ✓ नैतिक व्यवहार
    - हामी अरुको विचारको सम्मान गर्छौं ।
    - अरुले हामीलाई विस्वास गर्नसक्छन् ।
    - हामी जनहितका लागि काम गर्छौं ।
- ✓ भ्रष्टाचार रहित/भ्रष्टाचार निरुपण संयन्त्र सहित
    - हामी भ्रष्टाचार विना काम गर्छौं
    - हामी भ्रष्टाचार गर्न कठिन बनाउने संयन्त्र वा उपायको प्रयोग गर्छौं जस्तै लेखापरिक्षण, नियम तथा विनियमहरु, गुणस्तर कायम गर्ने विश्वसनियता
    - हामी भ्रष्टाचार रोक्न खोज्ने सबैलाई साथ दिन्छौं ।

पंक्तिवद्ध समिश्रण : हामी जे भन्छौं त्यही गर्छौं, हाम्रो भनाई र कार्यविचमा कुनै फरक वा अन्तर हुँदैन ।

२. **अरु मूल्य जसलाई सदाचारीता ले समावेश गर्छ।** यस खण्डमा “मूल्य” भनेको के हो र सदाचारीतासँग जोडिएका अन्य मूल्य जस्तै इमान्दारीता, सम्मान र न्याय भनेको के हो भन्ने विषयमा छलफल गर्न सक्नुहुन्छ। विद्यार्थीले कक्षाकोठाको भित्तामा निष्ठा रुख बनाउन सक्छन् जहाँ रुखको पातमा उनीहरुले सोचेका निष्ठा मूल्यहरु उल्लेख गर्न सक्छन् । (उदाहरणका लागि कृयाकलाप ५ हेर्नुहोस्)

३. **सदाचारी–अनुसरण–सक्रिय–प्रतिक्रियाशील** सदाचारागत विषयहरुका चार अवधारणहरु विचको फरकका बारेमा छलफल गर्ने आधारका रुपमा तल उल्लेखित चित्रको प्रयोग गर्न सकिन्छ। समहुले सक्रिय निष्ठा र प्रतिकृयाशील अनुपालन (नियमका आधारमा चल्नु) का विचमा रहेका फरकपनका बारेमा छलफल चलाउन सक्छ। त्यसपछि विद्यालय र समाजमा परिवर्तनका लागि के गरिनुपर्छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ।

| सुशासन सुधारमा सदाचार विरुद्ध अनुपालन | | |
|---|---|---|
| सक्रिय | • अनुसरण तालीम<br>• सदाचारको परिक्षण<br>• शुन्य सहनशीलता नीति<br>• आचारसंहिता<br>• व्यापारिक सामुहिक कार्य<br>• प्रदायकको “श्वेत सूची”<br>• ध्यानाकर्षकहरुलाई पुरस्कृत<br>• सदाचारीता सम्झौता<br><br>**मध्यम प्रतिफल, मध्यम जोखिम** | • सामुदायिक सदाचारीता विकास<br>• निरिक्षण सहीको बहुसरोकारवाला पहल<br>• प्रतिस्पर्धी अन्तरका रुपमा सदाचारीता<br>• समग्र/कदम परिवर्तन<br><br>**उच्च प्रतिफल, उच्च जोखिम** |

| | | |
|---|---|---|
| प्रतिकृयाशिल | • ध्यानाकर्षक प्रवर्द्धन गर्ने नीति<br>• ध्यानाकर्षकहरुको सुरुक्षा<br>• प्रदायकको “कालो सूची”<br><br>**कम प्रतिफल, कम जोखिम** | • नैतिक सुझाब केन्द्र<br>• नैतिक अधिकारी<br>• आचारसंहिता<br>• अनुसरण तथा नैतिकता<br><br>**कम प्रतिफल, कम जोखिम** |
| | अनुसरण | सदाचारीता |

४. **समाधान केन्द्रित** : सदाचारीताको अभ्यास गर्दा ती कामहरु खाली समस्या पहिल्याउनुभन्दा समाधान केन्द्रित हुनुपर्छ। समस्याका समाधानहरुका प्रभाव मापन गर्नका लागि समाधान दर (**FIX RATE** ™ ) एउटा उपाय हुनसक्छ। इन्टिग्रिटी एक्सनले कुनै पनि अवस्थाको सदाचारीता को स्तर मापन गर्नका लागि **FIX RATE** ™ को प्रयोग गर्छ . **FIX RATE** ™ भनेको पहिल्याइएको समस्याको समाधानको प्रतिशत हो। जस्तै यदि विद्यार्थीले विद्यालयका १० समस्या (बिग्रेका शौचालयहरु, छानाबाट पानी चुहिनु, खेलमैदानमा भएका खाल्डाहरु आदि) पत्ता लगाए र ती समस्याहरु मध्ये ६ वटा समाधान गर्न सके भने उनीहरुले ६० प्रतिशत **FIX RATE** ™ हासिल गरे। यदि उनीहरुले जम्मा दुई वटा मात्र समस्या समाधान गर्न सके भने उनीहरुका] **FIX RATE** ™ २० प्रतिशत मात्र हुनेछ।

५. **व्यक्तिगत, सामुदायिक तथा सरकारी** सदाचारीता**को असर तथा विभिन्न तहका कार्यहरुको उदाहरणहरु जसले** सदाचारीता**लाई प्रवर्द्धन गर्छ।** यस खण्डमा कसरी व्यक्तिगत सदाचारीता, सामुदायिक तथा राष्ट्रिय सिदाचारीताको आधारमा हुन्छ र कसरी सानो देखिए पनि व्यक्तिगत कार्यको परिणाम बृहत हुनसक्छ भनेर छलफल चलाउन सकिन्छ।

६. **अरु विभिन्न खालका गलत व्यवहारहरु** : यो खण्डमा यस्ता व्यवहारहरुको बारेमा छलफल गर्न सकिन्छ जुन प्राविधिक रुपमा “भ्रष्ट” नहोलान् तर उत्तिकै खतरनाक अनुचित हुन्छन् जस्तै कुशासन -कमजोर, अयोग्य र जानीजानी गरिने लापरवाही), खराब आचरण (अनैतिक वा गैरकानुनी व्यवहार), अनैतिक व्यवहार, अन्यायी व्यवहार आदि

**प्रस्तावित कृयाकलापहरु**

१. लोगो बनाउने प्रतियोगिता : विद्यार्थीहरुले सदाचारीता समुहको लोगो बनाउने अनि उत्कृष्ट छनौट गरी आफ्नो समुहको लोगोको रुपमा प्रयोग गर्नसक्छन्।

२. समुहले समुहका लागि **प्रतिज्ञा वा गीत**को निर्माण गर्न सक्छन्।

३. शिक्षक वा समुह नेताले निष्ठाका विषयमा ४ वा बढी परिस्थितिको रचना गर्नसक्छन् र विद्यार्थीहरुलाई यी परिस्थितिहरु सदाचारीता-**अनुसरण-सक्रिय-प्रतिक्रियाशील** चित्रमा उल्लेख गर्न लगाउछन् । त्यसपछि समुहले खोज परिणामका बारेमा छलफल गर्छन् ।

४. समुहले एउटा सदाचारीता **सुचक** (अथवा सदाचारीता **कार्य सुत्र** + **Fix-Rate™** प्रयोग गर्दा पनि हुन्छ) । त्यसपछि सानो समुहमा विद्यार्थीहरु कुनै निश्चित परिस्थिति/संस्थाको (विद्यालयभित्रै, परिवार वा समुदाय) सदाचारीताको स्तर मापन गर्छन् । जस्तै के सदाचारीता समुहले निष्ठापुर्ण काम गर्छ ? उत्तर जे आएपनि समुहले परिणामालाई सम्बद्ध संस्थासँग छलफल गर्छ (जस्तै यदि तपाईको समुहले आफ्नै समुहको सदाचारीता मापन गरेको छ भने यसबारेमा समुहका साथीहरु, शिक्षक र समुह नेतासाग छलफल गनुहोस्) । सदाचारीता भनेको समाधान केन्द्रित हुने भएकोले समुहले छलफल गर्दा स्थिति सुधार गर्नका लागि के पहल गनुपर्छ भनेर छलफल गर्नुपर्छ ।

५. **रुख योजना** (सदाचारीता **विरुवा**)ः विद्यार्थीले विद्यालयको भित्तामा कागजको रुख बनाई प्रत्येक विद्यार्थीले ३ वा कागजको टुक्रा काटी पातजस्तै बनाई त्यसमा आफ्नो तथा आफ्नो समुहको सदाचारीता मूल्य लेखेर टाँस्ने ।

६. देशको **संविधान** अध्ययन गरेर देशको राष्ट्रिय मूल्य के रहेछ, हेर्नुहोस् । प्रत्येक विद्यार्थीका मूल्यसँग यसलाई तुलना गर्नुहोस् । के विद्यार्थीले व्यक्तिगत र राष्ट्रिय मूल्य हुनु राम्रो हो भन्ने सोच्छन् ?

७. विद्यार्थीलाई सामुदायिक नेता वा सदस्यहरुले निष्ठावान भएर गरेका **उदाहरणहरु** सोच्न भन्नुहोस् । सबै उदाहरणहरुलाई एउटा बट्टामा राख्नुहोस् र पालैपालो सामुहिक रुपमा छलफल गर्नुहोस् र के नेताहरुले सदाचारीता रुपमा कार्य गरेका थिए वा थिएनन् भन्ने एकमतमा आउने प्रयत्न गर्नुहोस । यी उदाहरणहरु धेरै हप्तासम्म छलफल गर्न सकिन्छ ।

८. विद्यार्थीहरु समुहमा रहेर समुदायसँग परियोजना र सेवा प्रदानसँग सम्बन्धित विषयहरु छलफल गर्नुहोस् र ती मध्ये अनुगमन गर्नका लागि सबैभन्दा प्रमुख वा मुख्य विषय कुन हो, पत्ता लगाउनुहोस् (कृपया सामुदायिक सदाचारीता विकास विधि हेर्नुहोस् ।) । परियोजनाका सूचीहरु समुहमा प्रस्तुत गर्नुहोस् र छलफल गर्नुहोस् ।

९. विद्यार्थीहरुले *Integrity@work* को अंकहरु हेर्नुहोस् र प्रत्येक अंकमा कति वटा सदाचारीता चुनौतीहरु लुकाइएका थिए पत्ता लगाउनुहोस् । त्यसपछि कथाको बारेमा छलफल गर्नुहोस् ।

१०. विद्यार्थीहरुले इन्टिग्रिटी एक्सनको वेभसाइटमा सदाचारीता खेल खेल्नुहोस् ।

**नयाँ कृयाकलापका लागि विचार**

यो बाकसलाई थप कृयाकलापका लागि विचारहरु (जस्तै भूमिका बाँध्ने खेल, कथा भन्ने कृयाकलाप, हाजिरीजवाफ, खेलहरु आदि) लेख्नका लागि प्रयोग गर्नुहोस् । विद्यार्थीहरुलाई यसका लागि आफ्नो विचार प्रदान गर्ने मौका दिनुहोस् ।

## भ्रष्टाचार विरुद्ध

**ध्यान दिएर सोचौं (फुड फर थट)**

के तपाई कहिले भ्रष्टाचारमा संलग्न हुनुभएको वा देख्नुभएको छ ? यदि छ भने तपाईले कस्तो महसुस गर्नुभयो ? यसका परिणामहरु के भए ? यदि छैन भने यस्तो परिस्थिति आए तपाई के गर्नुहुन्छ ?

यदि तपाईले निकै मान्ने र सम्मान गर्ने व्यक्ति भ्रष्टाचारी भएको थाहा पाउनुभयो भने तपाई के सोच्नुहुन्छ ?

के तपाई भ्रष्टाचारी भएर मात्रै मानिसले जिवनमा सफलता प्राप्त गर्न सक्छ भन्ने सोच्नुहुन्छ ?

के तपाईलाई विद्यालय, समुदाय र देशमा हुने भ्रष्टाचारका कार्यहरु रोक्ने शक्ति तपाईसँग छ भन्ने सोच्नुहुन्छ ?

**छलफलका लागि प्रस्तावित विषयहरुः**

१. **भ्रष्टाचारको परिभाषा** : भ्रष्टाचारका अनेक परिभाषाहरु छन् जसमध्ये केही हुन् : नीजि वा व्यक्तिगत लाभका लागि सुम्पिएको वा सार्वजनिक शक्तिको दुरुपयोग। धेरैजसो भ्रष्टाचार ती व्यक्तिहरुले गर्छन् जो थप श्रोतहरु प्राप्त गर्न चाहन्छन् - प्रायजसो पैसा तर प्रतिष्ठा, शक्ति र प्रभावको रुपमा पनि। यी श्रोतहरु प्राप्त गर्नका लागि उनीहरु यस्ता काम गर्न पनि अघि सर्छन जुन गैरकानुनी र अनैतिक हुन्छन। मान्यताप्रात नियम र कानुनहरु बनाइएका हुन्छन् र यस्ता व्यक्तिहरु पनि हुन्छन् जो यी नितीनियमहरुलाई आफ्नो फाइदाका लागि जानीजानी मिच्न वा चोरबुद्धि लगाएर छल्न अघि सर्छन्।

२. **भ्रष्टचारका किसिमहरुः** भ्रष्टाचारलाई विभिन्न किसिममा बाँड्न सकिन्छ तर सामान्यरुपमा यसलाई तुच्छ भ्रष्टाचार र ठूलो (राजनीतिक) भ्रष्टाचारमा भाग लगाउन सकिन्छ। तुच्छ भ्रष्टाचार दैनिक रुपमा तल्लो तथा मध्यम तहका सार्वजनिक पदमा बहाल व्यक्तिहरुले नागरिकहरुसँग हुने कामकारवाहीको क्रममा शक्तिको दुरुपयोग गरि गर्ने भ्रष्टाचार हो। ठूलो भ्रटाचार सरकारको माथिल्लो निकायमा हुन्छ र यस क्रममा एकल वा सामुहिक रुपमा फाइदाका लागि आफु अनुकुल नीतिनियमहरु बनाइ वा परिवर्तन गरी जाँच सन्तुलन प्रणाली अवरुद्ध गरी भ्रष्टाचार गर्ने स्थिति निर्माण गरिन्छ। यो खण्ड अन्य खालका भ्रष्टाहरुका बारेमा पछि छलफल गर्न सकिन्छ जस्तै हिसाबकिताब विगारी सम्पत्ति हडप्नु, नातावाद, कृपाबाद, ठगी, लुट, लालच, वसुली आदि।

३. **भ्रष्टाचारका कारणहरु र असरहरु** :यो खण्ड भ्रष्टाचारका कारणहरु जस्तै सजायबाट छुटकारा, पारदर्शिता तथा जवाफदेहिताको अभाव, नागरिक सचेतनाको कमी आदि का बारेमा तथा यसका असरहरु जस्तै गरिबी, कमजोर पूर्वाधार र सेवा प्रदायन, घाटा, बेरोजगारी, अपराध आदिका बारेमा छलफल गर्न सकिन्छ।

४. **भ्रष्टाचार विरुद्ध सरकारी तथा गैह्रसरकारी संस्थाहरुको भूमिका** यो खण्ड देश विशेष रुपमा छ र यस खण्डमा आफ्नो देशमा भ्रष्टाचार निवारणका लागि भएका संस्था वा व्यवस्थाहरु सुचिबद्ध गर्नुहोस्।

५. **भ्रष्टाचारका वाह्य फाइदा र यसलाई निर्मुल गर्नका लागि आवश्यक रणनीति।** कहिलेकाही कसैले गरेको भ्रष्टाचारको असरको रुपमा व्यक्तिगत/सामुदायिक रुपमा अरुले फाइदा प्राप्त गर्न सक्छन्। उदाहरणका लागि जुन समुदायबाट भ्रष्ट नेता आएका हुन्छन् उक्त समुदायले भ्रष्ट नेताले गैरकानुनी रुपमा जम्मा गरेको श्रोतहरुबाट फाइदा

लिन सक्छन् । यसलाई बाह्य फाइदा भनिन्छ जहाँ भ्रष्ट अभ्यासबाट फाइदा प्राप्त हुन्छ। यस्ता बाह्य फाइदाहरु भ्रष्टाचार रोक्नका लागि समस्या हुन् ।

६. **भ्रष्टाचार विरोधी रणनीतिहरु** : सामुदायिक तथा संस्थागत रुपमा लागु गर्न सकिने भ्रष्टाचार विरोधी रणनीतिहरुका बारेमा छलफल गर्नुहोस् जस्तै शिक्षा, खुला तथ्यांक (ओपन डाटा), प्रवर्तन, लेखा परिक्षण, रोकथाम, नागरिक अनुगमन, सामाजिक परिक्षण आदि ।

७. **अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्ध** अन्य देशमा भएका भ्रष्टाचार विरोधी सफल/असफल कदमहरुका उदाहरणहरु

**प्रस्तावित कृयाकलापहरु**

१. **समुहले यो फोटो हेर्नुहोस् ।**




यो वास्तविक फोटो लाइबेरियाको एउटा विद्यालय बाहिर खिचिएको फोटो हो ।

अब विद्यार्थीहरु एकछिन सोचेर तलका प्रश्नहरुका बारेमा छलफल गर्नुहोस् ।

- ✓ विद्यालयमा कस्तो खालका भ्रष्टाचार होला ?
- ✓ कसले घुस माग्ला ? के का लागि घुस मागिन्छ होला ?
- ✓ विद्यालयमा हुने भ्रष्टाचाबाट कसले फाइदा लेला ?
- ✓ विद्यालयमा हुने भ्रष्टाचारबाट कसलाई बेफाइदा होला ?
- ✓ विद्यालयमा हुने तुच्छ भ्रष्टाचारका उदाहरण के होला ?
- ✓ विद्यालयमा हुने ठुलो भ्रष्टाचारका उदाहरण के होला ?
- ✓ यदि विद्यालयमा भ्रष्टाचारका कुनै पनि घटना नुहुने हो भने शिक्षा कसरी फरक होला ?

२. **चलचित्र⁄कार्टुनहरु ।** यदि विद्यार्थीहरुसँग उपकरणहरु उपलब्ध भए भ्रष्टचार कसरी रोक्न सक्निछ, एक चलचित्र बनाउनुहोस् । चलचित्र समुहमा देखाएर अन्य सदस्यहरुसँग छलफल गर्नुहोस् ।

३. **बादविवाद ।** भ्रष्टाचारका कारण व्यक्तिगत रुपमा हुने वाह्य फाइदाका विरुद्ध दिर्घकालमा समाजमा पर्ने नकारात्मक परिणामका बारेमा वादविवाद गर्नुहोस् ।

४. **फोटो तथा चित्रकला प्रतियोगिता एवं प्रदर्शन** विद्यार्थीहरुलाई भ्रष्टाचार रोक्न के गर्न सकिन्छ भन्ने बारे चित्रकला बनाउन प्रेरित गर्नुहोस् । यसलाई हाल निष्ठावान समुहमा संलग्न नभएका अन्य शिक्षक वा विद्यार्थीहरुको निर्णायक समिति बनाएर निर्णय गर्नुहोस् ।

५. **युवा–समुदाय पहल ।** आफ्नो समुदाय भित्र भएका देखिने भ्रष्टाचार रोक्नका लागि र समुदायमा निष्ठा प्रवर्द्धन गर्न युवाले के गर्न सक्छन् भन्ने विषयमा छलफल चलाउनुहोस् ।

६. **विद्यालय⁄समुदायमा खोज ।** समुहले आफ्नो देश/समुदायमा हुने प्रमुख भ्रष्टाचारका प्रकारहरु के के हुन्, त्यसका कारण र असरहरु के के हुन् भन्ने बारेमा सर्भे प्रश्नावली बनाउनुहोस् र विद्यार्थी तथा समुदायका सदस्यहरुलाई भर्न लगाउनुहोस् । यसको परिणामका बारेमा समुहमा छलफल चलाउनुहोस् । भ्रष्टाचारका बारेमा सामान्य धारणा/सोचाई के रहेछन् ?

७. **चलचित्र समुह** समुहले भ्रष्टाचारका बारेमा बनेका चलचित्र तथा डकुमेन्ट्रीहरु प्रदर्शन गरेर छलफल चलाउन सक्छन् । विद्यालयका अन्य विद्यार्थी वा समुदायका सदस्यहरुलाई पनि निमन्त्रणा गर्न सकिन्छ ।

८. सहभागीहरुले पछिल्लो समयमा राष्ट्रिय/स्थानीय रुपमा भएका भ्रष्टाचारका काण्ड वा घटनाहरुका बारेमा समाचारहरु (भ्रष्ट फुटबल खेलाडी, राजनीतिज्ञ, उद्यमी आदि) खोजेर यसबारेमा छलफल गर्छन् । के कम गम्भीर खालका भ्रष्टाचारका रुपहरु पनि छन् ?

९. **भूमिका खेल** सदाचारीता समुह दुई समुहमा विभाजन गर्नुहोस् । प्रत्येक समुहलाई एउटा परिस्थिति दिनुहोस् (एउटा उदाहरणः कुनै स्थितिमा घुस मागिएको घटना जुन तपाईको देशमा सामान्य हुनसक्छ ।) । एउटा समुहले भ्रष्टाचारमा सहभागी भई यसको परिणाम के हुनसक्छ भन्ने बारेमा भूमिका खेल देखाउनुहोस् भने अर्को समुहले यस भ्रष्टाचारको घटनालाई रिर्पोट गर्ने साहस देखाउदा दिर्घकालमा हुने प्रभावकारिताका बारेमा भूमिका खेल देखाउनुहोस् । खेल पछि छलफल चलाउनुहोस् ।

१०. **भ्रष्टाचार विरोधी अभियानका फोटो⁄पोष्टरहरु सामुहिक रुपमा हेर्नुहोस् ।** तल दिइएको उदाहरण भारतको हो ।




अल इन्डिया अख्तियार दुरुपयोग आयोगको फोटो

अब विद्यार्थीहरुले तलका प्रश्नहरुका बारेमा छलफल गर्नुहोस्

- ✓ यो पोस्टर कसका लागि लक्षित हो ?
- ✓ यो विधि कसरी प्रभावकारी हुन सक्ला ?
- ✓ दुवै पोस्टरमा साहस देखाउनुहोस् भनेर लेखिएको छ । भ्रष्टाचारका घटना रिर्पोट गर्न किन साहसको आवश्यकता पर्ला ?
- ✓ यो प्रकृया काम गर्नका लागि के आवश्यक पर्ला (जस्तैः अपरेटरले फोन उठाउनुपर्‍यो, प्रभावकारी रिर्पोटिङ्ग प्रणाली हुनुपर्‍यो आदि) ?

**नयाँ कृयाकलापका लागि विचार**

यो बाकसलाई थप कृयाकलापका लागि विचारहरु (जस्तै भूमिका बाँध्ने खेल, कथा भन्ने कृयाकलाप, हाजिरीजवाफ, खेलहरु आदि) लेख्नका लागि प्रयोग गर्नुहोस् । विद्यार्थीहरुलाई यसका लागि आफ्नो विचार प्रदान गर्ने मौका दिनुहोस् ।

## पारदर्शिता र जवाफदेहिता

**ध्यान दिएर सोचौँ (फुड फर थट)**

**तपाई कुनै व्यक्तिको बारेमा के सोच्नुहुन्छ जो अपराध गरिरहन्छ तर सबैले थाहा पाएर पनि ऊ कहिले सजायको भागीदार बन्दैन ?**

**तपाईले चिन्नुभएको कसैले विद्यालयको दानपत्रबाट पैसा चोरिरहेको हो कि भन्ने शंका तपाईलाई लागेको छ तर तपाई निश्चित चाही हुनुहुन्न । तपाई के गर्नुहुन्छ ?**

**नागरिकले तिरेको कर समुदायको सेवा सुधारको लागि खर्च भइरहेको छ भनेर हामीले कसरी थाहा पाउन सक्छौँ ?**

**एक स्थानीय अधिकारीले तपाईको स्थानमा रहेका अध्याँरा गल्लीहरुमा विजुली बत्ति राखिदिने वाचा गरेका थिए तर एक वर्ष वितिसक्दा पनि अझै विजुली बत्ति राखिएको छैन । तपाईको विचारमा यस्तो किन भएको होला ? तपाई यो बारेमा के गर्नुहुन्छ ?**

**छलफलका लागि प्रस्तावित विषयहरु**

१. **व्यक्तिगत जवाफदेहिता** भनेको तपाई कसैपत्रि वा केहीको लागि जिम्मेवार हुनु हो । जिम्मेवारी स्वीकार गर्नुको मतलब तपाईले छनौट गर्नुभएको विकल्पको नतिजाको जिम्मेवारी पनि तपाईले नै लिनु हो । यसो भन्नुको मतलब आफ्नो गल्ती स्वीकार गर्नु र आफ्नो सीमितता स्वीकार गर्नु पनि हो ।

२. **पारदर्शिता र जवाफदेहिता**लाई एक अर्काको आवश्यकता पर्छ र परस्पर रुपमा एकले अर्कोलाई सुदृढ गर्छन् । संयुक्त रुपमा दुवैले नागरिकलाई आफुलाई असर पर्ने विषयमा आफ्नो विचार राख्न, यस बारेमा हुने निर्णय प्रकृयालाई प्रभाव पार्न र निर्णय लिने व्यक्ति/संस्थालाई जिम्मेवार ठहर्‍याउन सक्षम बनाउँछ । **जवाफदेहिता** भनेको कुनै पनि सार्वजनिक, व्यक्तिगत वा स्वेच्छिक सेवामा संलग्न व्यक्ति आफ्नो काम प्रति जवाफदेहि हुन्छ र जब कर्तव्य र प्रतिबद्धता पालना गर्न सक्दैनन् त्यसबेला समाधानको विकल्प पनि हुन्छ ।

*हामीले के गर्‍यौ भन्ने मात्र होइन, तर हामीले के गरेनौँ भन्ने बारेमा पनि हामीले जवाफदेही हुनुपर्छ । मोलिएर, फ्रेन्च नाटककार*

साधारणरुपमा भन्नुपर्दा जवाफदेहिता भनेको हामीले जे गर्ने वाचा गरेका छौँ त्यो पुरा गर्नु हो र सरोकारवालालाई हामीले गरेको वाचा पुरा गर्‍यौ कि गरेनौ भनेर जाँच्ने मौका दिनु हो । तर हाम्रो परिभाषामा जवाफदेहिताका थप दुई पनि समावेश छन् ।

- ✓ **हामीले गरेको वाचा पुरा गर्‍यौ कि गरेनौ भनेर जाँच्ने सरोकारवालाको क्षमता** यसको मतलब हामीले गरेको वाचा हामीले पुरा गर्‍यौ कि गरेनौँ भनेर आफैलाई थाहा भएर मात्र पुग्दैन, साथमा सजिलैसँग अरुले भनिएको कुरा भयो कि भएन भनेर जाँच्न पनि सक्ने हुनुपर्छ । जस्तै कुनै अस्पतालमा विरामी सही उपचार पाउन सकेन तर यो बारेमा गुनासो गर्ने कुनै माध्यम छैन भने यो उत्तरदायी सेवा होइन । एक जवाफदेही अस्पतालमा विरामीले आफ्ना गुनासा राख्न पाउने स्पष्ट संयन्त्र स्थापित गरिएको हुन्छ ।

- ✓ **वैध आन्तरिक एवं वाह्य दावीप्रति उत्तरदायी हुनु।** यो भन्नुको मतलब जवाफदेही हुनु भनेको तपाईको काम प्रति अरु व्यक्तिले राखेका चासो र चर्चाको प्रतिकृया तपाईले दिनै पर्छ। जस्तै माथिकै उदाहरणको कुरा गर्नुपर्दा यदि अस्पतालमा गुनासो गर्ने संयन्त्र छ तर गुनासोको सुनुवाई गर्न अस्पताले ६ महिना लगाउँछ भने यो जिम्मेवारीपुर्ण सेवा होइन। जवाफदेहीता भनेको आफ्नो कामबारे हुने प्रश्नको उत्तर दिन तयार हुनु हो।

**पारदर्शिता** भन्नाले कुनै पनि सार्वजनिक पदमा बहाल व्यक्ति, कर्मचारी, व्यवस्थापक र संस्था/कम्पनीका निर्देशकहरु तथा कार्यसमितिका सदस्यहरुमा आफ्नो कर्तव्य स्पष्ट रुपमा र देखिने गरी पालन गर्ने जिम्मेवारी हुनु हो। सूचना सहजै बुझिने भाषामा मिडिया वा अन्य माध्यमका रुपमा उपलब्ध गराईनुपर्छ, यो सजिलैसँग उपलब्ध हुनुपर्छ, प्रशासनिक नीति तथा अभ्यास तथा यसबाट उत्पन्न हुने परिणामबाट असर पर्नेहरुले सिधै सूचना प्राप्त गर्न सक्ने हुनुपर्छ र लिइएको वा लागु गरिएको कुनै पनि निर्णय विद्यमान ऐन नियमको परिधिभित्र रहेर लागु भएको हुनुपर्छ। **शासनमा पारदर्शिता** हुनु भनेको भ्रष्टाचार निवारण गर्नु हो। यसले निष्पक्ष प्रतिस्पर्धा र काम गर्ने वातावरण निर्माण गर्छ र पैसा सही काममा खर्च भएको सुनिश्चित गर्छ किनकि पारदर्शिताले कुनै पनि कामको प्रत्येक तत्वलाई बाहिर ल्याउँछ। यसले विश्वास र विश्वसनियता पनि बनाउन मद्धत पुर्‍याउँछ। सरकारको उपस्थिती नागरिकका आवश्यकताहरु प्रभावकारी रुपमा, इमान्दारीपुर्वक र कुशलरुपमा गर्नका लागि नै हुन्छ।

३. **सुचनामा पहुँच** यो देश विशेष हुन्छ। यदि सुचनाको हक सम्बन्धि कानुन भए त्यसलाई यस अन्तर्गत छलफल गरिनुपर्छ। यदि छैन भने प्रभावकारी देवाफदेहीता र पारदर्शिता निर्माण गर्ने कानुन बनाईए र लागु गरिए भने यस्ता कानुनहरु कसरी र के प्रायोजनका लागि उपयोगी हुन सक्थे होलान्, छलफल गर्नुहोस्। यस छलफलको क्रममा सुचना माग्नका लागि कसरी चिठी लेख्ने भन्ने सैदान्तिक छलफल गर्नु पनि उपयोगी हुनसक्छ। यस सम्बन्धि अभ्यास पछाडि राखिएको छ।

४. **सुशासनका सिद्धान्तहरु/विशेषताहरु**

- **सहभागिता** : निर्णय प्रकृयामा नागरिकको सहभागिता हुनुपर्छ। व्यापक नागरिक सहभागिता भेलाहुन पाउने स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको जगमा बनेको हुन्छ।
- **कानुनी राज** कानुनी व्यवस्था, विशेष गरी मानवअधिकार सम्बन्धि व्यवस्थाहरु, सबैका लागि बराबरी र निष्पक्ष रुपमा लागु गरिएको हुन्छ।
- **पारदर्शिता** : (सुचनाको स्वतन्त्र प्रवाहमा बनेको) प्रणालीहरु, संस्था र सुचनाहरु सम्बन्धित सबैले सजिलैसँग र प्रत्यक्ष रुपमा पहुँच गर्न सक्ने हुनुपर्छ र पर्याप्त मात्रामा सुचना प्रदान गरिनुपर्छ जसले गर्दा विषयलाई सजिलैसँग बुझ्न र अनुगमन गर्न सकियोस्।
- **उत्तरदायी** कुनै पनि प्रणाली वा संस्थाले आफ्ना सबै सरोकारवालाहरुलाई योग्यतापुर्वक समयमै सेवा प्रदान गर्ने प्रयत्न गर्नुपर्छ।
- **सहमति उन्मुखः** शुसासनले विभिन्न चासो र सरोकालवाला समुहहरुविच मध्यस्तता गर्छ समुहको लागि श्रेष्ठ निर्णय के हुन्छ भन्ने बारेमा आमसहमति कायम गर्छ।

- **न्यायसंगत** सबै महिला तथा पुरषसँग आफ्नो जिवनको गुणस्तर सुधार गर्न वा कायम राख्न अवसरहरु हुनेछन् ।
- **प्रभावकारिता र दक्षताः** स्थापित प्रणाली तथा संस्थाहरुले उपलब्ध श्रोतसाधनहरुको सही उपयोग गर्दा समाजमा रहेका सबै उपसमुहहरुका आवश्यकता र चाहना पुरा गर्ने परिणाम निकाल्छन् ।
- **जवाफदेहीता** सरकारी, नीजि र नागरिक समाजका निणर्य गर्ने स्थानमा भएका निर्णयकर्ताहरु सर्वसाधारण तथा संस्थागत सरोकालवालाहरु प्रति जवाफेदही हुन्छन् ।
- **रणनीतिक दुरदृष्टि** नेता एवं आमनागरिकमा शुसासन र मानव विकासका लागि के गरिनुपर्छ भन्ने बारेमा बृहत र दिर्घकालीन धारणा हुनुपर्छ ।

**५. पारदर्शिता र जवाफदेहीताका सुचकहरु** कुनै पनि संस्था कतिको पारदर्शी र जवाफदेही छ भनेर पत्ता लगाउनका लागि कसरी मापन गर्ने ? सार्वजनिक/नीजि संस्था कसरी जवाफदेही बन्न सक्छ र यसलाई कसरी मापन गर्ने ? के हाल यसरी मापन गरिएको छ वा कसरी फरक तरिकाले मापन गर्न सकिएला, छलफल गर्नुहोस् ।

**६. नागरिक, पदाधिकारी र सरकारको दायित्व/कर्तव्य** सरकारको बजेटको ठुलो हिस्सा सार्वजनिक सेवामा खर्च हुन्छ र ती सेवाहरु सदाचारीतापुर्वक, नागरिकको, विशेष गरी कमजोर वर्गको, आवश्यकता सही रुपमा पुरा गर्न सक्ने खालको हुनुपर्छ । सेवाहरु प्रभावकारी रुपमा प्रद्धत होस् भन्नका लागि आफ्ना आवश्यकता र चाहनाहरु व्यक्त गर्नु र सेवा प्रदायनको प्रकृयामा सहभागी हुनु नागरिकहरुको जिम्मेवारी हो । सार्वजनिक सेवाहरु नागरिकले तिरेका करबाट संचालित हुन्छन् त्यसकारण कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य हो । छुट्टयाइएको बजेट अनुसार सेवा प्रदान गरिएको छ कि छैन र आफुले तिरेको करको सही सदुपयोग भएको छ कि छैन भनेर नागरिकले सुचनाको माग गरेर सुनिश्चित गर्नसक्छन् ।

**प्रस्तावित कृयाकलापहरु**

१.  **व्यक्तिगत जवाफदेहीताबारे प्रश्नावली** म कत्तिको जवाफदेही छु ? शिक्षक वा समुह नेताले प्रश्नावली तयार गरेर समुहका अन्य सदस्यहरुलाई दिनुहोस् । सबैले जवाफ दिइसकेपछि परिणाम कस्तो आयो, छलफल गर्नुहोस् । लिकेर्ट स्केलको प्रयोग गरेर प्रश्नको जवाफ दिन सकिन्छ (१ - कहिल्यै पनि छैन, २- लगभग कहिल्यै पनि छैन, ३ - कहिले काही, ४-प्रायजसो, ५- लगभग सधैं, ६- सधैं) र तल उल्लेखित वाक्यहरु राख्नुहोस्, तर कृपया आफ्नै केही वाक्यहरु पनि थप्नुहोस् ।

- ✓ म स्वेच्छाले आफ्ना गल्तीहरु स्वीकार गर्छु
- ✓ म आफ्नो व्यवहारको जिम्मेवारी लिन्छु
- ✓ म आफ्नो ज्ञानको सिमितता बारे स्वेच्छाले स्वीकार गर्छु
- ✓ मेरा सहकक्षी तथा साथीहरुले मलाई सही काम गर्ने व्यक्तिको रुपमा परिभाषित गर्छन् किनभने म जे सही हो त्यही नै गर्छु
- ✓ म मेरा साथीहरुलाई मेरो बारेमा रचनात्मक सुझाब दिन प्रेरित गर्छु र यसलाई आफ्नो व्यवहार सुधार्नको लागि प्रयोग गर्छु ।

२. शिक्षक वा विज्ञको सहयोग लिएर कुनै एउटा परियोजना वा सेवाका **आधिकारिक कागजातहरु** जस्तै बजेट, खरिदविक्रीका विलहरु आदि (यदि तपाईले पाउन सक्नुभएन भने अनलाईनबाट कुनै उदाहरण खोज्नुहोस् वा विद्यालयको प्राधानध्यापकसँग विद्यालयका कागजातहरुको फोटोकपी माग्नुहोस्) र समुहमा कागजातहरुको अध्ययन गर्नुहोस् । सबैभन्दा ध्यान दिएर हेर्नुपर्ने सुचना के होला ? तपाईलाई चाहिएको सम्पुर्ण सुचना ती कागजातहरुबाट भेट्टाउनुभयो ? केही छुटेको पो छ कि ?

३. **घटना अध्ययन** (**केस स्टडी**) सुचनाको हक सम्बन्धी कानुन । यदि तपाईको देशमा यस्तो कानुन छ भने समुहमा ऐनको बारेमा छलफल गर्नुहोस् । यदि छैन भने छिमेकी देशमा भएको कानुनको बारेमा छलफल गर्नुहोस् । यस्ता कानुन हुनुको फाइदा के होलान् ? यदि तपाईको देशमा यस्ता कानुन भए के सही रुपमा लागु गरिएका छन् ?

४. सुचना माग्दै एउटा चिठी लेख्नुहोस् । यसका लागि खण्डमा भएको उदाहरण हेर्नुहोस् ।

५. आफ्नो स्थानीय क्षेत्रमा प्रदान गरिएको सेवा (जस्तै फोहोर उठाउने, चिठी वितरण गर्ने आदि) बारे सानो सानो समुहमा बाँडिएर यस सम्बन्धी सरोकारवालाहरुको जिम्मेवारी र कर्तव्यहरुको सूची बनाउनुहोस् । त्यसपछि ठुलो समुहमा आएर सरोकारवालाहरुले आफ्नो जिम्मेवारी वहन गरेका छन् कि छैनन् ? छलफल गर्नुहोस् ।

६. **गुनासो सुन्ने व्यवस्था** गुनासो संकलन गर्न एउटा गुनासो बाकस बनाई विद्यालयमा राख्नुहोस् । समुहबाहेकका अन्य विद्यार्थीलाई यो बाकस उपयोग गर्न प्रोत्साहित गर्नुहोस् । केही समयपछि बाकसमा जम्मा भएका गुनासाहरुका बारेमा समुहमा छलफल गर्नुहोस् र सबैभन्दा मुख्य समस्या छानेर त्यसलाई समाधान गर्ने प्रयत्न गर्नुहोस् । साथै यसलाई प्रधानाध्यापककहाँ लगेर समाधान गर्ने प्रयास गर्नुहोस् ।

७. **विद्यार्थीहरुले एउटा खाली फोटो फ्रेम लिएर आउन् ।** प्रत्येक विद्यार्थीले आफुले थाहापाएको संस्थाको चित्र फ्रेममा राख्न लगाउनुहोस् । यो चित्र कुनै विद्यालयको हुनसक्छ वा धार्मिक संस्था वा स्थानीय अस्पताल वा खेलकुद क्लब आदि जे पनि हुनसक्छ ।



विद्यार्थीले फ्रेमभित्र राखेको चित्रको आधारमा तलका प्रश्नहरु छलफल गर्नुहोस् ।

- ✓ यो संस्था कसरी जवाफदेही बनेको छ ?
- ✓ के कहिले यो संस्थाको जवाफदेहीता खोजिएको छ ?
- ✓ यो संस्थाको जवाफदेहीता सुधार गर्नका लागि के गर्न सकिएला ?
- ✓ यदि यो संस्था जवाफदेही नभए तपाईलाई कस्ता असर पर्ला ? यसले अरुलाई कस्तो असर पार्ला ?

**नयाँ कृयाकलापका लागि विचार**

यो बाकसलाई थप कृयाकलापका लागि विचारहरु (जस्तै भूमिका बाँध्ने खेल, कथा भन्ने कृयाकलाप, हाजिरीजवाफ, खेलहरु आदि) लेख्नका लागि प्रयोग गर्नुहोस् । विद्यार्थीहरुलाई यसका लागि आफ्नो विचार प्रदान गर्ने मौका दिनुहोस् ।

## असल नागरिकका अधिकार र कर्तव्यहरु

**ध्यान दिएर सोचौँ** (**फुड फर थट**)

**तपाईले कुनै कार वा बसमा सवार गरिरहनुभएको बेला प्रायजसो कोही अभिभावकले झ्यालबाट प्लास्टीकका बोटल फालेको देख्नुभएको होला। यस्तो बानीको बारेमा तपाईको धारणा के छ ?**

**धेरै मानिसहरु सोच्छन् कि राजनीतिक सहभागिता भनेको खाली चुनावको बेला मतदान गर्नु हो। तपाईलाई के लाग्छ ?**

**छलफलका लागि प्रस्तावित विषयहरु**

१. **नागरिक को हो ? असल नागरिकका पहिचानहरु** यो देश विशेष हुन्छ तर तपाईले आफ्नो देशको हकमा मिल्ने मूल्यहरु के के हुन्, त्यसको सूची बनाउनुहोस् जस्तै भेदभाव रहित, सहिष्णुता, संवाद, इमान्दारिता, कानुनको पालना, कडा मिहेनत, सहभागिता आदि।

२. **नागरिकका अधिकार** यो देश विशेष हुन्छ तर प्रायजसो शिक्षा, जिवन, मतदान आदि पर्छन्।

३. **नागरिकका कर्तव्य तथा जिम्मेवारी** यो देश विशेष हुन्छ तर केही मिल्न सक्ने कुराहरु हुन् कर तिर्नु, सहभागिता, मतदान, कानुनको पालना, सार्वजनिक सम्पतिको रक्षा

४. **नागरिकका स्वतन्त्रताहरु** यो देश विशेष हुन्छ तर केही मिल्न सक्ने कुराहरु हुन्  भेला हुन पाउने अधिकार, वाक् स्वतन्त्रताको अधिकार आदि।

५. **लोकतन्त्रका सिद्धान्तहरु** यो देश विशेष हुन्छ तर केही मिल्न सक्ने कुराहरु हुन् नागरिक सहभागिता, समयसमयमा हुने स्वतन्त्र चुनाव, बहुलवाद, जवाफदेहीता, कानुनी शासन, समानता आदि

६. **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिसन्धीहरु** अन्तर्राष्ट्रिय कानुनहरुले पनि नागरिक, राष्ट्र र अन्तर्राष्ट्रिय संस्थाहरुको हक अधिकार के हुन्छ भनेर परिभाषित गरिदिएको हुन्छ। भ्रष्टाचारका बारेमा देशमा वा अन्तर्राष्ट्रिय रुपमा के कस्ता कानुनहरु छन्।

७. **सक्रिय सहभागिता र सामाजिक लेखापरिक्षण** चुनावमा भोट हाल्नुमात्र असल नागरिकको पहिचान होइन। सार्वजनिक छलफल, वादविवाद आदिमा सहभागि हुनुपनि हो। सामाजिक लेखापरिक्षण भनेको के हो र यो किन उपयोगी कृयाकलाप हुन सक्ला ?

**प्रस्तावित कृयाकलापहरु**

१. **के कुराले नागरिकलाई असल नागरिक बनाउँछ ?** आफ्नो समुदाय यस्तो भएको हेर्छु भन्नुभन्दा तपाई आफ्नो समुदायको कुन समस्या समाधान गर्न चाहनुहुन्छ ?

२. **बादविवाद** विद्यार्थीहरु को जस्तो बन्न चाहन्छन् ? कसले आफ्नो जिम्मवारी प्रभावकारी रुपमा वहन गर्न सक्छ ?

३.  समहुले राष्ट्रिय गान गाउने अनि यसको बारेमा छलफल गर्ने । राष्ट्रिय गानले के भन्छ ? के यसले देशको मूल्यलाई प्रतिविम्वित गर्छ ?

४. 

**विद्यालयको अवलोकन** विद्यार्थी, शिक्षक, प्रशासन, अभिभावक आदि को अधिकार र कर्तव्यहरु के के हुन् ? के अधिकार र कर्तव्य सधैँ पालन गरिन्छन् ?

५.  **भूमिका खेल** आफ्नो समुदायमा कुनै समस्या पहिचान गरेको नाटक गर्दै समुहका सदस्यहरु विभिन्न सरोकारवालाको (समुदाय, पदाधिकारी, समस्याको लागि जिम्मेवार संस्था आदि) भूमिका खेल्दै सार्वजनिक सुनुवाईमा सहभागी हुन्छन् । समुहले सार्वजनिक सुनुवाई गरी यस बारेमा छलफल गर्छन् ।

६.  **मौन-नाटक** विद्यार्थीहरु दुई समुहमा विभाजित भएर असल नागरिकका गुणहरु मौन-नाटक मार्फत प्रस्तुत गर्छन् ।

| **नयाँ कृयाकलापका लागि विचार** |
|---|
| यो बाकसलाई थप कृयाकलापका लागि विचारहरु (जस्तै भूमिका बाँध्ने खेल, कथा भन्ने कृयाकलाप, हाजिरीजवाफ, खेलहरु आदि) लेख्नका लागि प्रयोग गर्नुहोस् । विद्यार्थीहरुलाई यसका लागि आफ्नो विचार प्रदान गर्ने मौका दिनुहोस् । |

## नेतृत्व

**ध्यान दिएर सोचौँ** (**फुड फर थट**)

**असल नेतृत्वको गुणहरु के के हुन् ? के तपाई कुनै प्रसिद्ध नेताको नाम लिन सक्नुहुन्छ जो निष्ठावान थिए ? नेताले कसरी निष्ठालाई प्रवर्द्धन गर्न सक्छ ?**

**के तपाई कहिले कुनै नेतृत्वको पदमा पुग्नभएको छ ? तपाईले कस्तो महसुस गर्नुभयो ? के यो तपाईलाई गाह्रो लाग्यो ? त्यो पदमा रहदा तपाई कहिल्यै कुनै गाह्रो निर्णय लिनुभयो ?**

**खराब नेता भनेर तपाई कसरी परिभाषित गर्नुहुन्छ ?**

**छलफलका लागि प्रस्तावित विषयहरु**

१. **नेतृत्वको परिभाषा** यसका थुप्रै परिभाषाहरु छन्, एउटा परिभाषा यस्तो छ *“नेतृत्वले अरुलाई थाहा पाउन, केही गर्न वा केही बन्न प्रेरित गर्छ ।”*

२. **असल नेताका गुणहरु र मूल्यहरु** असल नेताको गुणहरुको बारेमा छलफल गर्नुहोस् । निष्ठा, समभाव, इमान्दारिता, संचार प्रतिवद्धता, सकारात्मक दृष्टिकोण, आत्मविश्वास जस्तै अरु

३. सदाचारी **नेता र खराब नेता** विचको फरक । सदाचारी नेताका केही मुख्य गुणहरु हुन्

- ✓ **सार्वजनिक हितप्रति प्रतिवद्धता** – समाज/संस्था/देश लाई सबैभन्दा के राम्रो हुन्छ त्यो गर्ने नेतृत्व निर्णयहरु । निर्णयले केही विशेष व्यक्तिलाई नभई समग्र समुहलाई फाइदा पुगोस् भन्ने कुराको सुनिश्चितता
- ✓ **भ्रष्ट हुन नसक्ने** - कुनै पनि परिस्थितिमा भ्रष्ट्रचार वा भ्रष्ट्र व्यवहारमा संलग्न नहुने
- ✓ **लक्ष्यमा एकरुपता** – सोचविचार गरेर बनाइएको रणनीति जुन दिनदिनै स्थिति अनुसार फेरबदल भइरहदैन प्रदर्शन गर्ने क्षमता
- ✓ **परिक्षण** – नयाँ कुराको परिक्षण गर्दै के गर्दा राम्रो होला र कसरी बढी भन्दा बढी परिणाम र असर देखिन सकिन्छ यस्तो गणित जोखिम लिन सक्ने क्षमता । त्यसैगरी सोचेको परिणाम प्राप्त नभए कामलाई रोक्न सक्ने खुवी पनि उत्तिकै महत्वपुर्ण हुन्छ ।
- ✓ **क्षमता** - माथि निष्ठा अन्तर्गत छलफल गरिए जस्तै क्षमता भनेको दिइएको काम गर्नका लागि आवश्यक सही शीप र योग्यता हुनु हो ।
- ✓ **संस्थागत चेतना** - नेतृत्वले पहिले गरेको काममा थप काम गर्न वा उस्तै खाले गल्ती पुनः नदोहोऱ्याउन र कामको गुणस्तर, प्रभावकारिता र असरलाई अझ सुधार गर्नका लागि संस्थागत चेतनाको आवश्यक हुन्छ ।

तर **खराब नेतामा** माथिका केही गुण हुनसक्छन् तर **सार्वजनिक हितप्रति प्रतिवद्धता र भ्रष्ट हुन नसक्ने** गुण चाहि हुँदैन ।

४. (विगत र हालका) विश्वका निष्ठावान नेताहरुको उदाहरण

**५. असल नेता कसरी खराब नेता बन्न सक्छ** ? हामी कहाँ थुप्रै नेताहरुका उदाहरणहरु छन् जो कालान्तरमा असल सदाचारी नेताको परिचयबाट खराब नेता बन्न पुगे । किन यस्तो भयो होला छलफल गर्नुहोस् । कसरी असल नेता असल रहिरहन सक्लान् ?

६. **टकराव विरुद्ध वार्ता** यो खण्डमा वार्ता र टकरावका गुणहरुको बारेमा छलफल चलाउन सकिन्छ ।

७. **होड विरुद्ध सहकार्य** अरुसँग सहकार्य गर्दाका फाइदाहरुका बारमा छलफल गर्नुहोस् । कोही मन नपरे पनि वा ऊ सँग सबै कुरामा सहमत हुन नसके पनि सहकार्य गर्न सकिन्छ कि ? एकपल्ट सोच्नुहोस् ।

**प्रस्तावित कृयाकलापहरु**

१. सदाचारीता **समुहमा असल नेतृत्व लागु गर्ने** ः संरचना, नियम, प्रणालीको निर्माण गर्ने, व्यवस्थापन समिति र नेतृत्वको छनौट गर्ने

२. **भूमिका खेल** फरक फरक खालका नेतृत्वका बारेमा वा असल र खराब नेताका फरकका बारेमा भूमिका खेल खेल्नुहोस् ।

३. **परिस्थितिको निर्माण** (**सिमुलेशन**) दुई जना उम्मेद्वारहरु नेतृत्वका लागि मैदानमा छन् । दुई वटा समुहले चुनावका लागि फरक फरक अभियान बनाउछन् । जसले सबैभन्दा बढी निष्ठा प्रस्तुत गर्नसक्छ समुहले उसैलाई जिताउँछ । अर्को परिस्थितिको निर्माण गर्नुहोस् र यसपटक पहिला जस्तै दुई समुह बनाउनुहोस् तर एउटा समुह केटाको र अर्को समुह केटीको । दुवै समुहको समाधानका उपायहरु उस्तै हुन्छन् ? या फरक छन् ? किन होला ?

४. **अवलोकन अध्ययन** समुहले फरक खालका नेतृत्वको बारेमा छोटो चलचित्र (वा कलाकारको अभिनय) हेरेर दुई विचको फरक र समानताको बारेमा छलफल गर्छन् ।

५. **निवन्ध** यदि तपाई प्रभावशाली नेता हुनुभएको भए यस्ता के समस्या हुन सक्थे होलान् जसले अरुलाई असर पर्ने महत्वपुर्ण निणर्य लिने बेलामा तपाईको निष्ठालाई डगमगाई दिन सक्छ ।

६. **आफ्नो कार्यलाई कसरी सबै भन्दा राम्रो रुपमा प्रस्तुत गर्ने** ? शिक्षक वा समुह नेताले अरुलाई विभिन्न विषयहरु प्रदान गर्छन् । यी विषयहरु समाजमा भइरहने सामान्य विषयहरु हुनसक्छन् (जस्तै तपाईको गाउँको सडक, कुनै विशेष समस्यालाई तपाई कसरी समाधान गर्नुहुन्छ, तपाईको परिवारको मूल्य के होला आदि) । प्रत्येक विद्यार्थीलाई ५ मिनेटको समय दिनुहोस् र दिइएको विषयमा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । यस क्रममा उनीहरुलाई रचनात्मक हुन प्रोत्साहन गर्नुहोस् । सबैभन्दा उत्कृष्ट प्रस्तुतीको छनौट समुहले गर्नेछ ।

७. **छलफल** असल नेतामा हुनुपर्ने गुणको बारेमा कहाँ र कहिले पढाई हुन्छ ? विशेष गरी विद्यालय, परिवार, विश्वविद्यालय वा कार्यशाला भित्र वा कहाँ यसबारे पढाईनुपर्छ ? उदाहरणको बारेमा सोच्नुहोस् ।

| **नयाँ कृयाकलापका लागि विचार** |
|---|
| |

| |
|---|
| यो बाकसलाई थप कृयाकलापका लागि विचारहरु (जस्तै भूमिका बाँध्ने खेल, कथा भन्ने कृयाकलाप, हाजिरीजवाफ, खेलहरु आदि) लेख्नका लागि प्रयोग गर्नुहोस् । विद्यार्थीहरुलाई यसका लागि आफ्नो विचार प्रदान गर्ने मौका दिनुहोस् । |

**समावेशीकरण**

**ध्यान दिएर सोचौँ**

**तपाईको कक्षामा जाने एउटै बाटो लामो भऱ्याङ्ग मात्र छ। तपाईको एउटा अपाङ्गता भएको साथी हुनुहुन्छ जसले ह्वीलचेयरको प्रयोग गर्नुहुन्छ। हरेक दिन दुई जना व्यक्तिले उहाँलाई कक्षामा जान सहयोग गर्नुपर्छ। उहाँ बारम्बार कक्षामा अनुपस्थित हुनुभएको तपाईले याद गर्नुभयो। यो अवस्थाको बारेमा तपाई के सोच्नुहुन्छ ?**

**तपाईको एकदमै मिल्ने केटी साथी आफ्नो विद्यालयको दौड खेलको टोलीमा सहभागी हुन चाहनुहुन्छ तर व्यायामशालामा एउटा मात्रै कपडा फेर्ने कोठा रहेको छ जुन पुरुष खेलाडीहरुले प्रयोग गर्छन्। कपडा फेर्न कुन कोठा प्रयोग गर्ने भन्ने झमेलाले गर्दा उहाँले टोलीमा सहभागी हुने सोच नै त्यागीदिनुभयो। यो अवस्थाको बारेमा तपाई के सोच्नुहुन्छ ?**

**आफ्नो निष्ठा समुहको अवलोकन गर्नुहोस् । यसका सदस्यहरु को को छन् ? तपाईलाई थाहा भएको कुनै सिमान्तकृतवर्गको प्रतिनिधित्व भएको छैन ? यदि तपाईले कुनै सिमान्तकृत वर्गका साथी पत्ता लगाउनुभयो जो यस समुहमा सहभागी हुनुभएको छैन, कतै कुनै कुराले उहाँलाई सहभागी हुन रोकेको छ ?**

**छलफलका लागि प्रस्तावित विषयहरु**

१. **समावेशीकरण कस्तो हुन्छ होला** ? समावेशीकरणका बारेमा थुप्रै परिभाषाहरु छन् । कसैले यसलाई मानिसलाई आफु संलग्न भएको, कसैसँग जोडिएको र सम्बन्धित भएको महसुसताको सुनिश्चितता भनेर भन्छन् । कुनै कुराको हिस्सेदार हुनु वा जोडिने चाहना हुनु एकदमै सामान्य र सबैले अनुभव गर्ने कुरा हो । समावेशीकरणको उद्धेश्य भनेको जात, धर्म, रंग, लिङ्ग, अपांगता वा अन्य कुनै विशेषता जसले कसैलाई फरक बनाउछ, यस्ता सबै खालका व्यक्तिलाई विना भेदभाव स्वीकार गर्नु हो । समावेशीकरण भनेको सबैलाई समान पहुँच र अवसर प्रदान गर्नु हो र उनीहरु सहभागी हुनबाट रोक्ने भेदभाव वा बाधा हटाउनु हो ।

२. **सिमान्तकृत वा बहिष्कृत वर्गका उदाहरणहरु ।** यो सन्दर्भ विशेष हुनसक्छ र कुन समुह समान अवसरबाट बन्चित छ वा अरु समुहबाट भेदभावमा परेको छ त्यो बारेमा छलफल गरिनुपर्छ ।

३. **समावेशीकरणका मामुली वाधाहरु** कुनै समुह वा व्यक्तिहरुले आफ्ना कुरा सजिलै भन्न नसक्नुका केही कारणहरु हुन्छन् । यस्ता केही कारणहरु यी हुन सक्छन् शारिरिक वाधा (जस्तै भर्याङ्ग चढेर जानुपर्ने घर), संचार चुनौती (जस्तै कुनै कागजपत्रहरु जुन अल्पसंख्यक समुहले पढ्न नसक्ने भाषामा लेखिएको हुन्छ वा लिखित कागजात जुन निरक्षर व्यक्तिको पहुँचबाट टाढा हुन्छ), सांस्कृतिक वाधाहरु (जस्तै खेलहरु जहाँ महिलाको सहभागिता हतोत्साही गरिन्छ), आर्थिक बाधा आदि

४. **समावेशीकरणका संयन्त्र, रणनीति र सूचकहरु** यो सन्दर्भ विशेष हुनसक्छ तर लागु गर्नुपर्ने नीतिनियम तथा कार्यविधिहरुका बारेमा छलफल गर्न सकिन्छ वा काम गर्नका लागि वैकल्पिक लचिलो उपाय, विविधता र समावेशीकरणका बारेमा शिक्षा आदि विषयमा पनि छलफल गर्न सकिन्छ ।

**कृयाकलापहरु**

१. तपाइको समुदायका लागि सान्दर्भिक **सिमान्तकृत वर्गका बारेमा फोटो वा भिडियो** प्रदर्शन गर्नुहोस् । यी वर्गका पहुँच र समावेशीताका चुनौतीहरु र समाधानका उपायहरुका बारेमा छलफल गर्नुहोस् ।

२. **भूमिका खेल** एउटा विद्यार्थी उसको शारिरिक अपांगताका कारण समुहबाट बहिस्कृत हुन्छ । उसको मनमा कस्तो विचार आउँला र यसले उसलाई भविष्यमा कस्तो असर पार्न सक्ला ? यो बारेमा छलफल गर्नुहोस् । अपांगता भएका व्यक्तिहरुको आवाज नसुनिनाले समुहले कस्ता अवसरहरु गुमाईरहेको होला, यस बारेमा सोच्नुहोस् । एउटा भनाई छ *अपांगता भएकाहरुका लागि योजना निर्माण गर्नुहोस् र सबैले आफ्नो प्रबन्ध गर्न सक्छन्* , यसको मतलब के होला ?

३. **अनुभव बाँड्नुहोस्** बहिस्करणका उदाहरणहरु । विद्यार्थीले आफुले भोगेका बहिस्करणका उदाहरहरु बाँड्न सक्छन् जहाँ कुनै व्यक्ति/समुह कुनै कुराबाट बन्चित गरिएको थियो ।

४. **पहुँचको परिक्षा ।** के तपाईको विद्यालय सबैको लागि पहुँचयोग्य छ ? विद्यार्थीहरुले आफ्नो विद्यालयको निरिक्षण गरेर के कस्तो शारिरीक तथा अन्य वाधाव्यवधानहरु छन्, पत्ता लगाउने र यसका निष्कर्श तथा समाधानका उपायहरुका बारे समुहमा छलफल गर्न लगाउनुहोस् र यो कुरा प्रधानाध्यापकसँग बाँड्नुहोस् ।

५. **अनुगमनमा सिमान्तकृत वर्गको सहभागिता** सामुदायिक अनुगमनमा (सामुदायिक निष्ठा निर्माणबारे मोड्युल हेर्नहोस्) मा कसरी समुदायका फरक समुहहरुलाई संलग्न गराउन सकिन्छ भन्ने बारेमा विद्यार्थीहरु विच छलफल गराउनुहोस् । उनीहरुले समाजमा रहेका सिमान्तकृत वर्गहरुको सूची बनाई उनीहरुसँग संवाद गरी उनीहरुको आवश्यकता र प्राथमिकताहरुको सुनुवाई होस् भन्ने सुनिश्चितताका लागि २, ३ वटा तरिका प्रस्तुत गर्नसक्छन् ।

६. **पावर वक (walk) खेल ।** सन्दर्भ सान्दर्भिक पहिचानहरु निर्माण गरी फाइदा र वेफाइदा दुवै समावेश गर्नुहोस् । जस्तै १) केटी, १६ वर्ष, गरिब, २) अल्पसंख्यक जनजाती मुलका एक पुरुष कृषक, ३) अल्पसंख्यक जनजाती मुलकी एक महिला कृषक ४) पुरुष शिक्षा मन्त्री ५) गाउँका मुखिया ६) गरिब परिवारका दृष्टिविहीन तथा कान नसुन्ने विद्यार्थी ७) महिला शिक्षा मन्त्री ८) केटी, विद्यार्थी, मध्यमवर्ग परिवार, धार्मिक अल्पसंख्यक समुदाय, र अरु थप) । प्रत्येक सहभागीलाई यो पहिचानको बारेमा सुटुक्क जानकारी दिनुहोस् । यसरी सृजना गरिएका सामाजिक परिवेश र पहिचानको सन्दर्भमा मिल्ने १० भन्दा बढी वाक्यहरु तयार गर्नुहोस् । (जस्तै शिक्षा प्राप्त गर्नका लागि मसँग समय र श्रोत छ, म कसैको सहयोग विना सजिलैसँ आफ्नो विद्यालय/कार्यस्थलमा जान सक्छु, म समाजको मान्य सदस्यको रुपमा आफुलाई महसुस गर्छु, मेरो भनाई मेरो समुदायले सुन्छ, म नेता बन्न सक्छु, मैले (मेरो परिवारले) न्युनतम परिश्रमिक भन्दा बढी परिश्रम आर्जन गर्छु, यदि मलाई कुनै अपराधका लागि पक्राउ गरियो भने मलाई आफ्नो भनाई राख्ने मौका दिइनेछ र मेरो कुराको विस्वास गर्नेछन् आदि) । सबै सहभागीहरु एक सिधा धर्कोमा उभिन्छन् । जब पालै पालो यस्ता वाक्यहरु पढेर सुनाईन्छन् तब कुनै सहभागीलाई आफ्नो चरित्र वा पहिचान भएका पात्रसँग मिल्ने लागे एक कदम अघि बढ्नु वा नमिल्ने भए एक कदम पछाडि हट्नुपर्छ । जब सबै वाक्यहरु पढिसकिन्छ तब सबैजना फरक फरक ठाउँमा उभिएका हुन्छन् । अब छलफल सुरु गर्नुहोस् किन कोही यो स्थितिमा उभिएका छन् ? के तपाईको पहिचानको केही भुमिका थियो ? के तपाईको पहिचान भएका व्यक्तिको मान समाजमा बढी छ या कम छ ? तपाईको विचारमा पहिलाको तुलनामा अहिले किन तपाईको पात्र तपाईसँगै उभिएका सहभागी भन्दा अघि वा पछि भएको होला ?

७. सदाचारीता समुहका सदस्यहरुले यस्तो स्थिति पहिचान गर्नेछन् जहाँ कुनै सिमान्तकृत वर्ग कुनै परिस्थितिबाट बहिस्कृत गरिएको छ वा उपलब्ध श्रोतको उपयोग गर्न सक्दैन । उनीहरुको अधिकार उपयोग गर्नका लागि कसरी सहयोग गर्न सकिएला, समुहमा छलफल गर्नुहोस् । प्रत्येक सदस्यले आउँदो ३ हप्तामा कुनै एक सहयोग गर्ने लक्ष्य राख्छन् र पछि समुहमा प्रतिकृया दिनसक्छन् ।

| **नयाँ कृयाकलापका लागि विचार** |
| --- |

यो बाकसलाई थप कृयाकलापका लागि विचारहरु (जस्तै भूमिका बाँध्ने खेल, कथा भन्ने कृयाकलाप, हाजिरीजवाफ, खेलहरु आदि) लेख्नका लागि प्रयोग गर्नुहोस् । विद्यार्थीहरुलाई यसका लागि आफ्नो विचार प्रदान गर्ने मौका दिनुहोस् ।

## सामुदायिक सदाचारीताको विकास

**ध्यान दिएर सोचौँ**

**तपाईको आमा अस्पतालबाट फर्कनुभएको छ। अस्पतालमा कुनै औषधीहरु छैनन् भनेर उहाँले तपाईलाई भन्नुभयो । उहाँले औषधी पसलबाट महँगोमा किन्नुभयो जब कि अस्पतालमा ती औषधीहरु सित्तैँमा उपलब्ध हुनुपर्थ्यो । तपाईको प्रतिक्रिया के होला ?**

**तपाईको विद्यालयमा विगत ६ महिना देखि खाने पानी उपलब्ध छैन । शिक्षक तथा विद्यार्थीहरुले घरबाट पानी लिएर आउँछन् वा महँगोमा पानीको बोटल किन्न वाध्य छन्। स्थिती सुधार गर्नका लागि तपाई के गर्नसक्नु हुन्छ वा कसलाई सम्पर्क राख्न सक्नुहुन्छ वा के कार्य लागु गर्न सक्नुहुन्छ ?**

**कुनै व्यक्तिलाई भ्रष्टाचारी भएको आरोप खुला रुपमा लगाएर सामना गर्नाले उसका कदमबाट भएका हानीहरुको भर्पाइ प्राप्त गर्न सकिन्छ ?**

**छलफलका लागि प्रस्तावित विषयहरु**

१. **सामुदायिक सदाचारीताको विकासको चक्रको बारे बुझाई** भ्रष्टाचारको सामना गर्नु स्वभावतः निकै गाह्रो काम हो । सदाचारीताको संस्कार निर्माण गर्नका लागि हामीले सिधै **समुदायका सदस्यहरु**सँग काम गर्नुपर्छ । समुदायका सदस्यहरु स्थानीय सदाचारीताका चुनौतीहरु के हुन भनेर पत्ता लगाउन सही ठाउँमा हुन्छन्, स्थानीय परिस्थितिको बारेमा पुर्ण जानकार हुन्छन् र सम्भवत चुनौती समाधान गर्नका लागि साँच्चिकै लागु गर्न सकिने, कम खर्चालु उपायहरु पहिचान गर्न सक्छन् । सदाचारीतााका चुनौतीहरु पत्ता लगाई समाधान गर्नका लागि हामी सामुदायिक सदाचारीताको विकास अवधारणाको प्रयोग गर्न सक्छौँ । यो अवधारणामा ५ कदमहरु छन् ।

१. **सन्दर्भ संवेदनशीलता** भन्नाले सन्दर्भ, समुदायको आवश्यकता र संलग्न सरोकारवाहरुको बारेमा बुझ्नु हो

२. **संयुक्त सिकाई** भनेको सबै सरोकारवालाहरुले समुदायमा पत्ता लागेका विषयहरुको बारेमा सामुहिक रुपमा संगै सिक्ने प्रकृया हो। समुदायबाट छनौट गरिएका अनुगमनकर्ताहरुलाई तालीम दिइएको हुन्छ।

३. **प्रमाणमा आधारित** त्यो बेला बन्छ जब अनुगमनकर्ताले आँकडा संकलन गर्छ, प्रमाण जुटाउँछ र छनौट गरिएको परियोजनाको बारेमा सबै जानकारी हाँसिल गर्छ।

४. **रचनात्मक संलग्नता**मा सबै सरोकारवालाहरु समस्या पहिचान गर्न र समाधान गर्न सहभागी हुन्छन् ।

५. **प्रकृयाको समापन** त्यो बेला हुन्छ जब समस्याहरु समाधान गरिन्छन् र परिणामहरु सबै सरोकारवालाहरु सम्म संचार गरिन्छन् ।




२. **सामुदायिक सदाचारीताको विकासको उद्धेश्य, लक्ष्य र अनुमानित परिणामहरु।** सामुदायिक सदाचारीताको विकास कार्यक्रमको प्रयोग किन गर्ने, यसका फाइदाहरु के के छन्, यो अवधारणा सामाजिक परिचालनका अरु रुपभन्दा कसरी फरक छ भन्ने बारेमा छलफल गर्नुहोस्। अनुमानित परिणामहरु के के हुन् र यी समुदायका लागि किन निकै महत्वपुर्ण छन् ?

३. **प्रकृयाको समापन किन गर्ने** ? सरोकारवालालाई प्रतिकृया दिनु किन आवश्यक छ, छलफल गर्नुहोस्। यदि सबै सरोकारवालहरु सदाचारीताका साथ काम गरिरहेको र कुनै समस्या नभए सकारात्मक प्रतिकृयाको महत्वको बारेमा छलफल गर्नुहोस्।

४. **डिभलपमेन्ट चेक** डिभलपमेन्टचेक एउटा अनलाईन श्रोत हो जहाँ नागरिकले पारदर्शिता र कुनै परियोजनका उपयोगिता र प्रभावकारिताका बारेमा तत्काल प्रतिकृया दिन सक्छन्। यो श्रोत के हो र कसरी प्रयोग गर्ने भन्ने विषयमा तालीम।

**५. गोपनियता र विद्यार्थीको संलग्नताको सीमा** यो खण्डमा, जुन सन्दर्भ विशेष हुन्छ, अनुगमनको क्रममा विद्यार्थीको संलग्नताको कानुनी सीमा कहाँ सम्म हुन्छ भन्ने विषयमा छलफल गर्न सकिन्छ। विद्यार्थीहरु अनुगमनका क्रममा आफुले पालना गर्नु पर्ने विद्यमान कानुनहरुका (जस्तै गोपनियता सम्बन्धी कानुन) बारेमा जानकार नहुन सक्छन्।

**प्रस्तावित कृयाकलापहरु**

१. **भूमिका खेल** सामुदायिक निष्ठा निर्माण अवधारणा अपनाएर कसरी सदाचारीता सम्बन्धी समस्यालाई समाधान गर्ने ? कृपया उदाहरणका लागि हेर्नुहोस्।

२. समुहमा सरोकारवाला तथा सन्दर्भ विश्लेषण गर्नुहोस्।

३. **भूमिका खेल** टकराब र वार्ता। कुन विधिले राम्रो काम गर्ला र धेरै परिणाम देला ? दुई समुहले दुई विधि अपनाई भूमिका खेल खेल्नुहोस् र के पाउनुभयो, छलफल गर्नुहोस्। सहकार्य र होड। कुन विधिले राम्रो काम गर्ला र धेरै परिणाम देला ?

४. **समुहले आफ्नो समुदायमा रहेका परियोजनाहरु वा सेवाहरुको अनुगमन गर्छन्।** थप जानकारीका लागि **परिक्षेद** २ हेर्नुहोस्।

५. **समुहमा रहेर** आफ्नो समुदायमा रहेका समस्या समाधान गर्नका लागि वकालत गर्नका लागि एउटा रणनीति बनाउनुहोस्।

६. **निबन्ध** तपाईले वा तपाईको समहुले समुदायमा देखेको समस्या सुल्झाउन सफल हुनुभयो। यसका परिणामको बारेमा तपाईले कसरी समुदाय र अन्य सबै सरोकारवालाहरुसम्म जानकारी दिनुहुन्छ ? (याद गर्नुहोस् फरक फरक खालका श्रोताहरुकहाँ फरक तरिकाबाट पुग्न सकिन्छ।)

७. विद्यार्थीले घटना अध्ययन पढ्छन् वा हेर्छन् र अनुगमनकर्ताले समस्या समाधान गर्नका लागि के के कदम चाले त्यसको पहिचान गर्छन्।

| **नयाँ कृयाकलापका लागि विचार** |
|---|
| |

| |
|---|
| यो बाकसलाई थप कृयाकलापका लागि विचारहरु (जस्तै भूमिका बाँध्ने खेल, कथा भन्ने कृयाकलाप, हाजिरीजवाफ, खेलहरु आदि) लेख्नका लागि प्रयोग गर्नुहोस् । विद्यार्थीहरुलाई यसका लागि आफ्नो विचार प्रदान गर्ने मौका दिनुहोस् । |

**थप श्रोतहरु**

- ✓ **सदाचारीता–अनुसरण–सक्रिय–प्रतिक्रियाशीलः** यसको चित्रलाई कसरी बुझ्ने र कसरी यसको प्रयोग गर्ने भन्ने थाहा पाउनका लागि कृपया यो लेख (विशेष गरी पाना ४ देखि ७) पढ्नुहोस् ।
- ✓ **The Fix-Rate™ यसका बारेमा राम्ररी बुझ्नका लागि** कृपया यो लेख पढ्नुहोस् ।
- ✓ **सुचनाको पहुँच कसरी गर्ने र सुचना माग्ने चिठी** सुचना कसरी माग्ने भन्ने बारेमा निर्देशन तपाईले हाम्रो सामुदायिक सदाचारीताको विकास निर्देशिकाको पाना नम्बर २२ मा प्राप्त गर्नसक्नुहुन्छ । सुचना माग्नका लागि लेखिने चिठीको एउटा उदाहरण यस्तो छ ।

**Example Information Request Letter:**


April 1, 2012

Dear Sir/Madam,

I am writing to request the following information under the Right to Information Act, 2007:

- The total amount of money spent during each of 2006, 2007, and 2008 on vaccinations for children under the age of 10 years old. I would like this information broken down by year, and if possible, by month.
- The total number of children vaccinated in each of 2006, 2007, and 2008 under the government's new "Vaccines for All" programme.

I would prefer to have this information sent to me electronically to the e-mail address that is provided below.

If you have any questions or need further clarification about this request, please do not hesitate to contact me.

Sincerely,

Jane Smith

15 Main Street, Capital City
E-mail: jane@janesmith.com
Tel: 123-456-7890

[2]Excerpted and adapted from The Aid Transparency Toolkit: What You Always Wanted to Know about Aid and How to Get the Information – A Guide for Civil Society Organisations and Members of the Public, Access Info, www.access-info.org

- ✓ **सदाचारी नेताहरुका केही नामहरुको सूची** मदिबा (दक्षिण अफ्रिका), एसके मेन्दीरात्ता (भारत), अफारी-ज्ञान (घाना), महात्मा गान्धी (भारत), जोन गिथोङ्गो (केन्या), नुहु रिवादु (नाइजेरिया), अब्दुल तेजान-कोले (सियरा लियोन), एन्तोनियो दि पिएत्रो (इटाली), बाल्ताजार गारथोन (स्पेन), लुइस मारेनो

ओकाम्पो (अर्जेन्टिना), लि क्वान यु (सिङ्गापुर), एलिओट स्पीट्जर (संयुक्त राज्य अमेरिका), जुलियन असान्ज (अस्ट्रेलिया), एलिजाबेथ फिल्किन (संयुक्त अधिराज्य), अन्ना हजारे (भारत), पाउल कागारे (रुवाण्डा)

- ✓ **सामुदायिक सदाचारीताको विकास** यसका बारे र यसका अवधारणाका बारे थप जान्नका लागि हाम्रो निर्देशिका यहाँबाट डाउनलोड गर्न सकिन्छ (६ वटा भाषामा उपलब्ध छन्) । निर्देशिकामा उपयोगी तरिकाहरु समावेश छन् जस्तै द्वन्द्व विश्लेषण कसरी गर्ने, सरोकारवाला विश्लेषण कसरी गर्ने, पैरवी गर्नका लागि रणनीति कसरी बनाउने, प्रश्नावली कसरी बनाउने आदि इत्यादि ।
- ✓ **यूट्युव इन्टिग्रिटि सिरिज** इन्टिग्रिटी एक्सनले युट्युवमा इन्टिग्रिटी२वर्क भन्ने कथाहरुको संगालो तयार पारेको छ। तपाईले यो भिडियोहरु समुहमा बसेर हेर्न सक्नुहुन्छ र प्रत्येक अंकले कतिवटा इमान र नैतिक समस्याहरु बाहिर ल्यायो, गन्न सक्नुहुन्छ। पहिलो अंक हेर्नका लागि यहाँ थिच्नुहोस् यहाँ उपलब्ध छ र अरु कथाहरु युट्युव च्यानलमा हेर्नुहोस् इन्टिग्रिटि एक्सन युट्युव च्यानल ।
- ✓ **घटना अध्ययन** इन्टिग्रिटी एक्सनले केही भिडियोहरु तथा केही लिखित घटना अध्ययनहरु तयार पारेको छ। अनुगमनकर्ताले समस्या सुल्झाउन चालेका कदमहरु पत्ता लगाउनका लागि विद्यार्थीहरुले यी घटना अध्ययनहरुको उपयोग गर्न सक्छन् ।
- ✓ **सदाचारीता खेल** इन्टिग्रिटी एक्सनले निष्ठाबारे एउटा खेल तयार गरेको छ। आफ्नो नाम टिपाएर खेल्नका लागि यहाँ थिच्नुहोस् यहाँ उपलब्ध छ।
- ✓ **सामुदायिक सदाचारीताको विकासबारे भूमिका खेल** समुह नेताले तल लेखिएको कुरा पढ्नुहोस्, के स्थिति हो बर्णन गर्नुहोस् र उनीहरुलाई खेलमा सहभागी हुन सहयोग गर्नुहोस् । सम्बद्ध सरोकारवालाको आधारमा उनीहरुलाई विभिन्न भूमिका दिनुहोस् ।

**सदाचारीताको समस्यालाई सुल्झाउनका लागि कसरी सामुहिक रुपमा समाधान खोज्ने:** अनुगमनकर्ताहरुले ताडको रुखबाट तेल निकाल्ने कारखानाले नदी प्रदुषित पारेको पत्ता लगाए। यसले समुदायलाई पनि उत्तिकै असर पारेको छ र यसबारेमा थुप्रै गुनासाहरु आइसकेका छन् । अनुगमनकर्ताहरुले यो समाधान गर्नुपर्ने मुख्य समस्याहरु मध्ये एक भएको निश्कर्ष निकाले। तर समुदायले पनि नदिमा फोहोर फाल्ने गर्छन् ।

**संलग्न सरोकारवालाहरु**

- **अनुगमनकर्ताहरु**
- **ताडको तेल कारखानाको व्यवस्थापक**
- **सामुदायिक सदस्यहरु**
- **स्थानीय निकाय**
- **उक्त ताडको तेल कारखानामा कामगर्ने कामदार**

**सहजकर्ताका लागि टिप्पणी**

- सहभागीलाई भूमिका दिनुहोस् र प्राप्त पात्रको अभिनय गर्न लगाउनुहोस् ।

- विद्यार्थी अनुगमनकर्तालाई संयुक्त कार्य समुह (JWG) बैठकको व्यवस्था गर्न र सहजीकरण गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरुलाई संयुक्त कार्य समुह (JWG) बैठकबाट आएका समाधानका उपायहरु लेख्न सम्झाउनुहोस् ।
- अन्त्यमा बैठकमा सहमती भएका समाधानको बारे छलफल गर्नुहोस् र कार्ययोजना बनाउनुहोस् ।
- भुमिका खेलको अन्त्यमा सहभागीहरुले कस्तो महसुस गरे, कस्ता खालका चुनौतीहरु आउने रहेछन् र उनीहरुले के सिके भनेर सहजकर्ताले सहभागीहरुलाई प्रश्न सोध्नुहोला ।

**ध्यान दिनुपर्ने कुराहरु**

- ताडको तेल निकाल्ने कारखानाका व्यवस्थापकले यदि नदी सफा गर्ने जिम्मेवारी आफुमा आए कामदार निकाल्नुपर्ने अवस्था आउने धम्की दिएका छन् ।

**चाहेको परिणाम**

- सबै सरोकारवालाहरुले नदी सफा गर्नका लागि आ-आफ्ना जिम्मेवारी बहन गर्दै सहमती गरेर नदी सफा राख्नका लागि साझा पहल लागु गर्ने

**सहमती गरेका कुरा लागु भए कि भएनन् भनेर अनुगमन गर्नु (फलो अप गर्नु)**

- ✓ **सरोकारवाला र परिवेशको विश्लेषण** गर्नकालागि सहायता आवश्यक भए सामुदायिक सदाचारीताको विकासको पाना १८ - २१ अध्ययन गर्नुहोला । उक्त प्रकाशन अंग्रेजीमा यहाँ उपलब्ध छ ।
- ✓ **वकालतका रणनीति** कसरी विकास गर्ने भन्ने जान्नका लागि सामुदायिक सदाचारीताको विकासको ( जुन ६ वटा भाषामा उपलब्ध छ) पाना ३७ - ३८ अध्ययन गर्नुहोला । उक्त प्रकाशन अंग्रेजीमा यहाँ उपलब्ध छ ।
- ✓ **युट्युव च्यानल** थप अन्य सामाग्री तथा तपाईको समहुलाई आवश्यक पर्ने सहयोग पाउनका लागि युट्युवमा रहेको हाम्रो इन्टिग्रिटि एक्सन युट्युव च्यानल हेर्नुहोला । उदाहरणका लागि ५ -चरण विधिहरुका बारेमा अझ बुझ्नका लागि “कसरी गर्ने” भिडियो हेर्नुहोस् ।

## शब्दावली

**सूचनामा पहुँच** : यदि कानुनी रुपमा कुनै सुचना रोकिनुपर्ने अवस्था नरहेको खण्डमा अरुले भण्डारण गरेका सूचना (विशेष गरी सरकार) सजिलै र बैध रुपमा नागरिकले पहुँच गर्न सक्ने क्षमता। यो पहुँचलाई प्रायजसो सूचनाको हक सम्बन्धी कानुनले सहयोग पुऱ्याएको हुन्छ।

**जवाफदेहिता** : निष्ठाको एक महत्वपुर्ण तत्वहरु मध्ये एकः तपाईले जे गर्छु भन्नुभएको छ वा गर्नुपर्ने हो त्यो साँच्चिकै गर्नुभएको छ कि छैन भनेर जाँच्न सरोकारवालाहरुलाई सक्षम बनाउनु। सार्वजनिक पदमा बहाल व्यक्ति, कम्पनीका अधिकारी तथा निर्देशकहरु, व्यवस्थापक तथा कामदारहरुका लागि नभई नहुने आवश्यकता मध्ये एकको रुपमा यसलाई मानिन्छ। जस्तै सार्वजनिक पदमा बहाल रहेका व्यक्ति, व्यवस्थापकहरु तथा अन्य व्यवसायिक व्यक्तिहरु आफ्ना (कम्पनीका) हिस्सेदार, ग्राहक, विरामी, सर्वसाधरण आदि प्रति जवाफदेही हुन्छन् । यसैगरी अन्य समुहहरु पनि जवाफदेही हुन सक्छन् जस्तै विद्यार्थीहरु आफ्ना शिक्षक प्रति जवाफदेही हुन्छन् भने शिक्षकहरु पनि आफ्ना विद्यार्थी प्रति जवाफदेही हुन्छन् । प्रायजसो जवाफदेहिताका लागि पारदर्शिताको आवश्यकता पर्छ।

**पंत्तिवद्धता** : कुनै संस्था/व्यक्तिले जे गर्ने सोच राखेको हुन्छ वा गर्ने घोषणा गरेको छ (भनाई) र वास्तविकतामा के गरेको (गराई) विचको एकरुपता

**लेखापरिक्षण** : कुनै व्यक्ति वा संस्थाको आर्थिक विवरण, खाता र सामान्य आर्थिक अवस्थाका बारेमा गरिने एक निष्पक्ष निरिक्षण, मुल्यांकन र प्रमाणिकरण

**कालो सूची** : संस्थाहरुको एक सूची - प्राय गरी सामान तथा सेवा प्रदायक संस्थाहरुको जस्ले सदाचारीता विना व्यवहार वा कारोबार गरेका छन् र यसका कारण भविष्यमा कुनै पनि सेवा वा सामान उपलब्ध गराउनबाट प्रतिबन्ध लगाईनुपर्छ।

**घुसखोरी** : फाइदाका लागि जानीजानी कुनै पदीय जिम्मेवारी बहन गरेर वा नगरेर वा अख्तियारी प्राप्त व्यक्तिको कामकारवाहीमा प्रभाव पारी जिम्मेवारी बहन गर्न अवरोध पुऱ्याएर बदलामा मूर्त रुपमा देखिने (उदाहरण पैसा) वा अमूर्त रुपमा देखिने (उदाहरण सेवा) अनावश्यक फाइदा प्रस्ताव गर्ने, सहमति गर्ने, लिने वा दिने कार्य।

**जाँच तथा संतुलन** : नीतिनियम तथा प्रकृया जसले उपयुक्त प्रणाली तथा वातावरणको सृजना गर्छ जसका कारण कुनै एक व्यक्ति वा संस्था कुनै पनि व्यापारिक विभागको एक्लो जिम्मेवार नहोस् र कुनै एक व्यक्ति वा संस्थाको प्रत्येक कामकारवाहीको कानुनी वैधता, शुद्धता र सत्यता जाँच्न वा मुल्यांकन गर्न अरु कोही होस्।

**सदाचारीता विधिसहितको नागरिक अनुगमनः** : नागरिकहरुलाई आफ्नो समुदायमा रहेका सेवा तथा परियोजनाहरुका जवाफदेहिता, पारदर्शिता र प्रभावकारीताका बारेमा सुचना तथा तथ्यांकहरु संकलन गर्न तथा संलग्न गराउनका लागि गरिने कृयाकलापहरु जहाँ समुदायहरु सहभागी प्रकृयाबाट छनौट गरिन्छ। यसरी संकलन

गरिएका सुचनाहरु समस्या पत्ता लगाउन, अनुगमनकर्ता तथा अरुलाई प्रभावकारी समाधानहरु प्रस्ताव गर्न तथा लागु गर्नका लागि प्रयोग गरिन्छ र त्यसपश्चात सहभागी सबैलाई पृष्ठपोषण प्रदान गरिन्छ।

**नागरिक सहभागिता** : सरकारी कार्यक्रमहरु सामुदायिक आवश्यकता अनुसार बनाउनका लागि, सार्वजनिक समर्थन निर्माणका लागि र नगर तथा समाजमा सामाजिक एकता र सद्भभाव बृद्धि गर्नका लागि सेवाको तह निर्धारण, बजेट प्राथकमिकता तथा पूर्वाधार परियोजना निर्माण लगायत बृहत प्रकारका प्रशासनिक तथा नीति निर्माण कृयाकलापहरुमा नागरिकको सहभागीता।

**नागरिक समाज संगठन** : संघसंस्था जहाँ नागरिक वा स्थानीय व्यक्तिहरु सदस्यका रुपमा रहन्छन् र सामुदायिक चासो र आवश्यकताको अभिबृद्धि गर्नका लागि एकजुट भएका हुन्छन्।

**कृपावाद** : राजनीतिक वफादारिता तथा कुनै घटक वा ग्राहकको सहयोग प्राप्त गर्नका लागि वितरण गरिने विशेष सामाग्री तथा सेवा

**प्रकृयाको समापन (क्लोजिङ्ग द लुप)**: प्रकृयाको समापन त्यो बेला हुन्छ जब पृष्ठपोषण प्रकृयाका कारण उपयुक्त प्रतिकृया प्राप्त हुन्छ। जस्तै जब सुचनाको पहुँचका लागि प्राप्त अनुरोधको जवाफबाट प्रश्नकर्ता सन्तुष्ट हुन्छ अथवा नागरिकको उजुरीको सही समाधान हुन्छ र यस्ता (समाधान वा सन्तुष्टि सम्बन्धि) प्रतिकृयाहरु सम्बन्धित सरोकारवालासम्म पुग्छ तब मात्र प्रकृयाको समापन भयो भन्न सकिन्छ।

**आचारसंहिता** : संकलित नियमहरुको एक सूची जसले कुनै पनि व्यक्ति, संस्था वा दलले पालना गर्नुपर्ने दायित्व वा उचित व्यवहार तथा अभ्यासहरु उल्लेख गरेको हुन्छ।

**मिलिभगत**: झुक्याउन वा छक्याउनका लागि गरिने गैरकानुनी वा गोप्य सहकार्य वा सहयोग

**सामुदायिक सदाचारीको विकास** : एक प्रकृया जहाँ स्थानीय सरकार वा यसको सेवा प्रदानमा भएका समस्या वा असन्तुष्टी समाधान गर्नका लागि प्रायजसो गैह्रसरकारी संस्था वा नागरिक समाजको नेतृत्वमा समुदायले अक्सर गरी स्थानीय निकायसँग गर्ने सहकार्य। यो प्रकृया वातावरणको अध्ययनबाट सुरु हुन्छ र सरकारी तथा सामुदायिक संयुक्त सिकाईको रुपमा जारी रहन्छ जहाँ दुवै अनुगमनकर्ताका रुपमा कार्य गर्न, प्रमाण संकलन गर्न, नागरिक र कार्यान्वियनकर्ताहरु (व्यापारिक वा सेवा प्रदायकहरु)लाई संलग्न गराउन र सरोकारवालाई पृष्ठपोषण उपलब्ध गराई समस्याको समाधान गरी प्रकृयाको समापन गर्न उद्धत रहन्छन्। सामुदायिक सदाचारीको विकासको प्रकृया, साधन तथा संयन्त्रहरु सामाजिक जवाफदेहिताको एक उपसमुह हो तर यसले समस्या समाधान गरी प्रकृयाको समापनमा जोड दिन्छ।

**योग्यता**: सदाचारीको मुख्य आधारमध्ये एक। योग्यता भनेको कुनै पनि व्यक्ति वा संस्थाको उद्धेश्य अनुरुप काम गरी सरोकारवालाहरुको गुणस्तर प्रतिको आशालाई पुरा गर्न सक्ने खुवी हो।

**अनुसरण:** कानुनहरु, नियमावलीहरु, सुझावहरु, आन्तरिक नीतिहरु, कार्यविधिहरु र करारहरुले उल्लेख गरेका आवश्यकता र निर्देशनहरुको पालना गनेर काम गर्नु

**अनुसरण दृष्टिकोण :** भ्रष्टाचार घटाउने र/अथवा नैतिक वा सदाचारीताका समस्याहरु समाधान गर्नका लागि गरिने अनुसरण दृष्टिकोणमा निम्न कुराहरु रहेकाहुन्छन।

- नियममा आधारित
- नियम तथा प्रावधानहरु लागु गर्न वा प्रवर्तन गर्नमा केन्द्रित हुन्छ।
- विरोधात्मक : गल्ती गर्नेको काम सार्वजनिक गर्ने, कानुनी उपचार खोज्ने
- समस्या केन्द्रित
- कम स्वनिर्णय
- अनुसरण दृष्टिकोण माथिबाट तल या तलबाट माथि लागु गर्न सकिन्छ।
- अनुसरण दृष्टिकोण सदाचारीता विधि वा दृष्टिकोणभन्दा भिन्न हुन्छ।

**चासोको द्वन्द्व :** विश्वासको पदमा रहेको व्यक्तिको आधिकारीक जिम्मेवारी र उसको नीजि चासो/रुची विचको द्वन्द्व। ध्यान राख्नुपर्ने कुरा के हो भने सार्वजनिक पदमा बसेका व्यक्ति वा कर्मचारीमा चासोको द्वन्द्व रहेको हुन सक्छ तर यसैको कारण उसले गर्नुपर्ने जिम्मेवारीबाट उसलाई मुक्त गरिनुपर्ने जरुरी छैन। पहिलो कदम भनेको कुनै पनि कामको सिलसिलामा आफ्नो व्यक्तिगत चासो र बहन गर्नुपर्ने जिम्मेवारी विच द्वन्द्व आउने भए उक्त अधिकारी आफैले आफ्ना भिन्न भिन्न चासो सार्वजनिक गर्नुपर्छ, तत्पश्चात उसका सहकर्मीहरुले विद्यमान प्रावधान वा कार्यविधि अनुसार उक्त व्यक्तिले जिम्मेवारीपूर्वक निष्पक्ष निर्णय लिन सक्ने वा नसक्ने निर्क्यौल गरी जिम्मेवारीबाट मुक्त गर्ने हो वा गर्नु नपर्ने हो त्यसको निर्णय गर्छन्। जस्तै कुनै जिम्मेवार अधिकारीले आफ्नो पदको दुरुपयोग गरी आफ्ना नातागोतालाई फाइदा पुग्ने गरी अघि सार्छ भने त्यो चासोको द्वन्द्व बाट प्रेरित अनैतिक कार्य हो। तर उसले खाली आफ्ना नातागोताको नाम अघि सार्छ र छनौट प्रकृयामा कुनै पनि रुपमा संलग्न नभई विद्यमान प्रावधान र प्रकृयाबाट निर्णय गर्न बाटो खुल्ला छोड्छ भने त्यहाँ चासोको द्वन्द्वबाट प्रेरित अनैतिक कार्य भएको हुँदैन।

**रचनात्मक सहभागिता :** सामुदायिक निष्ठा निर्माणको प्रकृयाको एउटा यस्तो चरण जसको विशेषता भनेको प्राप्त निष्कर्ष बाँडिनु, समाधानको पहिचान हुनु, परियोजना लागुकर्ताहरुसँग पहिचान गरिएको समाधान लागु गर्नका लागि वार्ता गर्नु र परिवर्तनका लागि गरिने वकालत गर्नु हुन्छ।

**परिवेश विश्लेषण :** सामुदायिक सदाचारीताको विकास प्रकृयामा पहिलो चरण जसको विशेषता भनेको परिवेश र सरोकारवालाहरुको विश्लेषण गर्ने बारेमा सिक्नु हो। यो भनेको सरोकारवालाहरुहरुको विश्लषण, सामुदायिक सहभागिता र आधारभुत जानकारीको निर्माण तथा संभावित अवरोधकर्ताहरुको विश्लेषण हो।

**भ्रष्टाचार** : नीजि वा व्यक्तिगत लाभका लागि सुम्पिएको वा सार्वजनिक शक्तिको दुरुपयोग। यस अन्तर्गत पर्ने केही हुन् घुस, बलजफ्ती, बलप्रयोग आदि ।

**लोकतन्त्र** : शासनको एउटा व्यवस्था जहाँ नागरिकले आफैं आफ्नो नेतृत्व प्रकृयागत रुपमा जस्तै स्वतन्त्र चुनावबाट छान्न पाउने, आफ्ना चाासो, प्राथमिकता र आवश्यकताहरु व्यक्त गर्न पाउने र थुप्रै स्थितिमा स्थानीय, प्रदेश वा राष्ट्रिय रुपमा आफ्नो प्रतिनिधि छान्न पाउने अधिकार हुन्छ। लोकतन्त्र भनेको यस्तो व्यवस्था पनि हो जहाँ चुनावको आधारमा बहुमतले अल्पमतको अधिकारको रक्षा गर्दै शासन गर्छ।

**कुटनीति** : खराब नियत निकै कम होस् वा हुँदै नहोस् भन्नका लागि वार्ता गर्न सक्ने, मानिसहरुलाई सम्हाल्न सक्ने आदि कला ।

**सार्वजनिकरण** : सान्दर्भिक सूचना सार्वजकिन गर्नु, नागरिकका लागि वा कुनै तेस्रो पक्षका लागि सुचना सार्वजनिक गर्नु ।

**दायित्व** : करार बमोजिम पालना गर्नु पर्ने जिम्मेवारी जसलाई कानुनले लागु गर्छ वा नैतिक मापदण्ड बमोजिम कुनै अवस्थामा आफैलाई कसरी प्रस्तुत गर्ने वा कस्तो खालको व्यवहार लागु गर्ने भन्ने निर्धारित हुन्छ।

**हिनामिना** : आफ्नो व्यक्तिगत प्रयोग वा फाइदाका लागि सामान अर्कै तिर लग्नु, अथवा सम्पतिको ठगी गर्नु ।

**समानता** : सबै समान रहने अवस्था, विशेष गरी स्तर, अधिकार, जिम्मेवारी वा अवसरका लागि।

**नैतिकता** : सदाचारीताको एक महत्वपुर्ण आधारः सार्वजनिक हितका लागि र इमानदारीपुर्वक काम गर्नु। नैतिकताले व्यक्तिगत, व्यवसायिकत तथा संस्थागत जिम्मेवारी पुरा गर्दा कस्तो खालको आचरण गर्नु हुन्छ वा हुँदैन भनेर निश्चित निर्देशन दिएको हुन्छ।

**प्रमाणमा आधारित** : सामुदायिक सदाचारीता विकासको तेस्रो चरण जसको विशेषता भनेको तथ्यांक संकलन, विश्लेषण र प्रमाणिकरण गर्नु हो।

**बलजफ्ती** : गैरकानुनी रुपमा अरु व्यक्तिबाट पैसा वा अन्य लाभ माग्नु वा आग्रह गर्नु। बलको प्रयोग गरी खोस्नु ।

**सरलीकरण गर्नका लागि भुक्तानी** : सरकारी अधिकारी वा अन्य अधिकार प्राप्त व्यक्तिलाई आफ्नो काम छिटो गराउन वा उसको दैनिक दिनचर्यालाई आफु अनुकुल बनाउनका लागि गरिने भुक्तानी ।

**कृपावाद** : अनुचित रुपमा आफ्नालाई फाइदा हुने गरी दिने/माग्ने प्राथमिकता वा कृपा।

**समाधान :** सरोकारवाला सन्तुष्ट हुने गरी भएको कुनै समस्याको संकल्प। सदाचारीताको क्षेत्रमा हामी मुख्य गरी पारदर्शिता, जवाफदेहीता र इमानदारिता आदिका माध्यमबाट हुने समाधानहरु प्रति चासो राख्छौं। राम्रो सेवा र गुणस्तरीय जिवनका तत्काल प्राप्त उपजभन्दा यसका उपलब्धी र असरहरुमा ध्यान दिइन्छ।

**समाधान दर (Fix Rate):** पहिल्याइएको समस्याको मुख्य सरोकारवाला सन्तुष्ट हुने गरी हुने समाधानको प्रतिशत। सुशासन सुधारको उपलब्धी मापन गर्ने केही भरपर्दो मापक मध्ये एउटा यो हो। प्रायजसो सुशासन सुधारका मापन खाली उपज र परिणामका आधारमा गर्न सकिन्छ।

**धोका :** अनुचित लाभका लागि गरिने झुक्याउनु, झुटो विवरणको पेश गर्नु वा सुचना लुकाउनु जुन गैरकानुनी हो।

**लैङ्गिक समानता :** यसलाई यौनिक समानता पनि भनिन्छ। यौनिक समानता वा लैङ्गिक समानता भन्नाले महिला र पुरुष दुवैलाई बारबर व्यवहार गरिनुपर्छ, कुनै प्राकृतिक विशेष कारणले फरक व्यवहार गर्नुपर्ने अवस्था बाहेक उनीहरुको लिङ्गका कारण दुई विचमा कुनै पनि भेदभाव गरिनुहुन्न भन्ने कुरा जनाउँछ।

**सुशासन :** सुशासन भन्नाले सामुहिक रुपमा कुनै पनि संस्था वा संस्थाको कार्यक्रम र व्यवहार हेरी कुन रुपमा लैजाने, निरीक्षण गर्ने र नियन्त्रण गर्ने भन्ने निर्णयहरु लिने र अभ्यास गर्ने प्रकृयालाई बुझाउँछ। यस अन्तर्गत श्रोतहरु कसरी वितरण गर्ने, प्रयोग गर्ने र व्यवस्थापन गर्ने भन्ने बारेका निर्णयहरु लिने, लागु गर्ने र हिसाबकिताब गर्ने प्रणाली वा प्रकृयाहरु पर्छन्। यो सबै तहका सरकारी निकाय, सार्वजनिक प्रशासनहरु र संस्थाहरुका लागि उपयोगी हुन्छ।

**इमानदारिता :** साँचो बोल्ने गुण ।

**सदाचारीता :** इन्टिग्रिटि एक्सनको प्रयोगविधिमा सदाचारीता भनेको भ्रष्टाचार रहित जवाफदेहीता, योग्यता र नैतिकताको संस्कृति हो। यसलाई कुनै पनि संस्थामा कि निष्ठा छ कि छँदैछैन भन्ने विषयको रुपमा हेरिनु हुन्न। सदाचारपुर्ण व्यवहारले विश्वास बढाउँछ र सरोकारवालाले भरोसा गर्न सक्ने हुनुपर्छ। विश्वास मात्र भएर पुग्दैन किनकि उक्त संस्था विश्वासका लागि योग्य पनि हुनुपर्छ।

**सदाचारीताका विधि :** भ्रष्टाचार घटाउन र/वा नैतिक वा निष्ठाका समस्याहरु सुल्झाउनका लागि निष्ठाका विधिहरुमा तलका गुणहरु हुन्छन्

- मूल्यमा आधारित
- नीति, नियम र कानुन, त्यसको वाक्तविक कार्यान्वयनका विच रहेका भिन्नताहरुका बारेमा जानकार
- नियम भंगकर्ताहरुलाई सदाचारीताका साथ काम गरी समाधान गर्न लगाउनका लागि सहकार्य केन्द्रित
- समाधान केन्द्रित

- विवेकको प्रयोग
- सदाचारीता विधीको प्रयोग माथिबाट तल या तलबाट माथि लागु गर्न सकिन्छ।

यो अनुसरण विधि भन्दा भिन्न हुन्छ।

**सदाचारीताका विशेषताहरु :** विशेषताहरु जसले सरोकारवालाहरुका लागि विस्वास योग्य भएको बलियो सुचक दिन्छ र सदाचारीता निर्माण गर्छ । इन्टिग्रिटि एक्सनको परिभाषामा सदाचारीता भनेको भ्रष्टाचार विनाको जवाफदेहीता, योग्यता र नैतिकता विचको एकरुपता हो।

**सदाचारीतामुलक शिक्षा :** मूल्यमा आधारित, सहकार्य, कार्यगत सिकाई, समाधान केन्द्रित र कम स्वविवेकको प्रकृया जुन माथिबाट तल या तलबाट माथि लागु गर्न सकिन्छ त्यसको माध्यमबाट सदाचारीता र भ्रष्टाचार विरोधको प्रबर्द्धन गर्ने पढाई र तालीम। सदाचारीतामुलक शिक्षाले फरक फरक उमेर समुह र योग्यता भएका व्यक्तिहरुलाई व्यवहारिक साधानको प्रयोग गरी अरुबाट निष्ठावान व्यवहार माग गर्न र आफै पनि आफ्नो व्यक्तिगत तथा व्यवसायिक कार्यमा सदाचारीता बन्न तयार गर्ने लक्ष्य राख्छ।

**संयुक्त सिकाई :** सामुदायिक सदाचारीता विकासको दोस्रो चरण जसको विशेषता भनेको सामुदायिक अनुगमनकर्ताहरु पहिचान गरी उनीहरुलाई तथ्यांक संकलन गर्न, बहुसरोकारवाला संयुक्त कार्य समुह निर्माण गर्न र अनुगमन गर्नका लागि परियोजना छनौट गर्नका लागि तालीम दिन्छ।

**नेतृत्व :** एउटा शब्द जसले औपचारिक वा अनौपचारिक अख्तियार वा प्रभावको प्रयोग गरी अरुहरुको अगुवाई गर्छ उसको व्यक्तित्वका विशेषताहरु र व्यवहारको समुहलाई जनाउँदछ।

**कालो धनलाई सेतो बनाउनु :** एउछा यस्तो प्रकृया जहाँ वैध व्यक्ति या खाताको प्रयोग गरी गैरकानुनी रुपमा जम्मा गरिएको धनको सक्कली श्रोत लुकाईन्छ।

**अनुगमन :** अनुगमन एउटा प्रकृया हो जहाँ परियोजना वा लागु भएको सेवा योजना (करार, बजेट, परिमाण आदि) अनुसार भएको छ कि छैन भनेर भनेर जाँच गरिन्छ। कृयाकलाप र उपजको तहमा योजना गरिएको र वास्तविक परिणाम विच तुलना गर्नु सामान्य हो। यसको मतलब योजना गरिए अनुसार नै कृयाकलाप र त्यसमा उपजहरु वास्तबमै भएका छन् र खोजेका परिणाम जस्तै उपलब्धी हासिल गरेका छन् भनेर सुनिश्चिता गर्नु हो।

**नातावाद :** आफ्ना साथी वा सम्बन्धीलाई कुनै पनि कामको नियुक्ती, पदोन्नती वा सेवा दिन कृपा गर्ने

**गैह्रनाफामुलक संस्था :** संस्थाहरु जसलाई प्राप्त नाफा अरुलाई व्यक्तिगत रुपमा बाँड्न प्रतिबन्ध लगाएको हुन्छ। प्रायगरी यस्ता संस्थाको उद्धेश्य भनेको सामाजिक हित र फाइदाका लागि काम गर्ने हुन्छ। यीनीहरुलाई गैह्रसरकारी संस्था नागरिक समाज संस्था भनेर पनि चिनिन्छ।

**लोकपाल :** प्रायगरी सरकारकै अङ्गका रुपमा रहने स्थायी कार्यलय जसले नागरिकका गुनासाहरु सुन्ने र ती नागरिकका पक्ष लिई सुचना लिने, सेवाका लागि आग्रह गर्ने वा गुनासोको अवस्थाको बारेमा खोजीनिती गर्ने काम गर्छ। राष्ट्रिय सदाचारीता प्रणाली भित्र पारस्परिक जवाफदेहीता निर्माणका लागि लोकपालको उल्लेखनिय भुमिका हुन्छ।

**खुला करार :** सार्वजनिक करार, जसमा ठेक्कापट्टा दिनु, कार्यसम्पादन गर्नु र समाप्त गर्नु पनि पर्छन् त्यसमा सुचना सार्वजनिकरण र सहभागिता बढाउनका लागि गरिने व्यवहार र अभ्यसाहरुलाई खुला करार भनिन्छ। यस अन्तर्गत फरक फरक खालका कारारहरु, सामाग्री खरिद गर्नका लागि गरिने सामान्य करार देखि जटिल करार, संयुक्त लगानीका सहमतिहरु, अनुमतिपत्र र उत्पादन बाँड्ने सहमतिहरु पनि पर्छन् । सार्वजनिक, नीजि र दाताहरुका श्रोतका मिश्रणबाट लगानी भएका सबै करारहरु सार्वजनिक करार अन्तर्गत पर्छन् ।

**खुला आंकडा :** एक यस्तो सोचाई जहाँ कुनै आँकडाहरु सबैका लागि सजिलै उपलब्ध होस र जसको पुनउपयोग जुनसुकै बेला प्रतिलिपि अधिकार, दर्ता, पेटेन्ट वा यसको प्रयोग रोक्ने अन्य प्रणालीको झन्झटविना नै सजिलै गर्न सकियोस् । खुला आँकडा आन्दोलनको उद्धेश्य अरु खुला आन्दोलन जस्तो खुला श्रोत, खुला हार्डवेयर, खुला सामाग्री, खुला पहुँच आदि कै जस्तै छ।

**खुला सरकार :** प्रभावकारी सार्वजनिक निरिक्षण गर्ने अवस्थाका लागि सरकारी कागजपत्रहरु र कामकारवाहीहरु नागरिकको पहुँचमा छन् भन्ने शासनका एक सिद्धान्त। यसको खुला अवधाराणामा यसले “राज्यको आवश्यकता” र अन्य विचाहरहरुको विरोध गर्छ जसले बैधानिक रुपमा राज्यको गोप्यतालाई बढाउँछ।

**सहभागीमुलक लोकतन्त्र :** सरकारी निर्णय प्रकृयामा निर्णयका कारण असर पर्ने नागरिकहरुको सिधा सहभागिता हुनुपर्छ भन्ने राजनीतिक तथा दार्शनिक विश्वास। कसैले यसलाई लोकतान्त्रिक सरकारको हुनै पर्ने गुणको रुपमा व्याख्या गर्छन्। यो सँग सम्बन्धित अर्को शब्द नागरिक सहभागिता हो।

**बहुलबाद :** सामाजिक तथा राजनीतिक सोच जसले समाजमा बृहत सामुहिक चासाको सुरक्षा गर्नका लागि संस्थाको समुह जसअन्तर्गत विविध खालका समुह र उनीहरुका कृयाकलापहरु पर्दछन् तिनको सान्दर्भिकतामा जोड दिन्छ। यसले समुहहरु राम्रा छन् र उनीहरुको विविधताले सार्वजनिक चासोलाइ फाइदा गर्छ भन्ने सोचाई राख्छ।

**समस्याहरु :** सामुदायिक निष्ठा निर्माण कार्यको हकमा समस्या भनेको भ्रष्टाचार र कुशासनका घटनाहरु जसलाई समाधान गर्न जरुरी छ। कुन समस्यालाई समाधान गर्ने भन्ने निर्णय वस्तुपरक रुपमा गर्नु र उलेख्य विसंगती भएको आधारमा गर्नु जरुरी छ। जस्तै करार र यसको वास्तविक कार्यान्वयन, नीति र यसको कार्यान्वयन विचमा अथवा हकदावी र पहुँच विचमा आँदि ।

**खरिद :** कुनै संस्थागत रुपमा सामान र सेवा किन्ने प्रकृया । जस्तै सार्वजनिक ठेक्का, विद्युतिय ठेक्का र कहिलोकाही निष्ठावान सम्झौताहरु ।

**सार्वजनिक हित :** नागरिकको लागि फाइदा वा कल्याण हुने काम ।

**सार्वजनिक सुनुवाई :** सार्वजनिक सुनुवाई भनेको नागरिक र स्थानीय सरकार (वा राष्ट्रिय सरकारका प्रतिनिधिहरु) हरु विचको बैठकहरु हुन् जहाँ स्थानीय नागरिकका लागि महत्वपुर्ण विषयहरु छलफलका लागि प्रस्तुत गरिन्छन् । यो प्राय गरि स्थानीय समुदायको अनुरोधमा गरिन्छ र उनीहरुलाई यस्ता बैठक गर्नका लागि उनीहरुसँग मिलेर काम गर्ने नागरिक समाजका संस्थाहरुले प्रोत्साहन गरेका हुनसक्छन् ।

**जिम्मेवारी :** विश्वासयोग्यताको एउटा रुप । आफ्नो व्यवहारको आफै जिम्मेवार हुने वा केहीका लागि कसैप्रति जवाफदेही हुने गुण ।

**स्वार्थ :** अरुलाई पर्न सक्ने असरको बारेमा ख्यालै नराखी अवसरको फाइदा लिनु ।

**लैङ्गिकवादी :** विपरित लिङ्गीका सदस्यहरुलाई गरिने भेदभावको एक रुप ।

**सामाजिक जवाफदेहीता :** सरकारलाई बैध रुपमा बनाइएका तर राम्रोसँग पालना नभएका नियमकानुनहरु पालना गराउन तथा जवाफदेही बनाउनका लागि नागरिक, नागरिक समाज र अरु गैह्रराज्य कर्ताहरुको सरकारसँग मिलेर काम गर्न सक्ने क्षमता अभिबृद्धि गर्ने प्रकृया । यो भनेको सराकरलाई पारदर्शी बन्न र नागरिकको आवश्यकताहरु प्रति उत्तरदायी बन्न घचघच्याउनु पनि हो । सामाजिक निष्ठा निर्माण पनि एक प्रकारको सामाजिक जवाफदेहीता हो । सामाजिक जवाफदेहीता कृयाकलापहरुको प्रभावकारिता केही हदसम्म समाधान दरको विश्लेषणबाट गर्न सकिन्छ ।

**सार्वजनिक लेखापरिक्षण :** सार्वजनिक लेखापरिक्षण भनेको नागरिक र स्थानीय सरकार (वा राष्ट्रिय सरकारका प्रतिनिधिहरु) हरु विचको बैठकहरु हुन् जहाँ सार्वजनिक बजेटको हिसाबकिताबहरु, खर्चहरु, कराहहरु, परिमाणका विलहरु, रोजगारी आदिको समीक्षा गरिन्छ ताकि सरकारी निकायले गरेका कुनै विशषे काम वा कार्यक्रममा कुनै पनि खालको चलखेल, हिनामिना भएको छैन भन्ने सुनिश्चित होस् । यो लागु भइरहेको स्थानीय सरकारी परियोजनाको एक हिस्साको रुपमा राखिएको हुनसक्छ वा नागरिक समुदायले आग्रह गरेको वा लागु गरेको हुनसक्छ । प्राय गरि यो परियोजनाको अन्त्यमा गरिन्छ र सार्वजनिक सुनुवाई मार्फत पेश गरिन्छ ।

**अवरोधकर्ता :** "विपक्षीहरु" जो सुधारहरु वा मान्यताको उचित अनुपालनलाई सक्रिय रुपमा हानी वा अवरोध गर्दछन् ।

**सरोकारवाला** : सरोकारवाला भनेको चासो राख्ने पक्ष हुन् जस्तै कुनै संस्थाले गर्ने निर्णयबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पर्ने समुदाय, व्यक्ति या निकाय। यो व्यक्ति, समुह वा संस्था हुनसक्छ जो प्रत्यक्ष रुपमा प्रभावित भएको हुनसक्छ वा संस्थामाथि प्रत्यक्ष वा अप्रत्यक्ष कानुनी अधिकारको माध्यमबाट प्रभाव पार्न सक्ने हुनसक्छ।

**सरोकारवालाको मानचित्रण** : एक प्रकृया जहाँ महत्वको आधारमा सरोकारवालाको पहिचान र प्राथमिकता निर्धारण गरिन्छ।

**पारदर्शिता** : सरकार, कम्पनीहरु र संस्थाहरुको यस्ता अभ्यास जहाँ हिस्सेदार/साझेदारहरुका लागि महत्वपुर्ण सुचना स्पष्ट रुपमा र सहज रुपमा उनीहरुसँग संचार गरिन्छ। जवाफदेहीताका लागि केही हदसम्म पारदर्शिताको आवश्यकता पर्छ तर पारदर्शिता भएर मात्र जवाफदेहीताको निर्माण गर्दैन।

**मूल्यहरु** : मूल्यहरु भन्नाले संस्थाको कृयाकलापहरुका लागि आवश्यक सकारात्मक र प्रोत्साहनपुर्ण कदमहरु र कामको प्राथमिकता निर्धारणका लागि चाहिने निर्देशनहरु भन्ने बुझिन्छ। मूल्यहरुले कुनै संस्थाभित्र व्यक्तिगत व्यवहारलाई प्रोत्साहित र निर्देशित गर्नुपर्छ। यसले संस्थाको रणनीतिको नियत र दिशालाई स्पष्ट पार्नुपर्छ।

**ह्विसलब्लोअर** (**लुकाइएका/गोप्य सुचना सार्वजनिक गर्ने व्यक्ति**) व्यक्ति जो प्रायजसो कामदार हुन्छ जसले कुनै संस्थामा भइरहेको गैरकानुनी कृयाकलापहरु व्यवस्थापन तह, मिडिया वा नागरिकसमक्ष सार्वजनिक गर्छ।

विस्तृत शब्दावलीका लागि, जसमा सदाचारीताको क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय संस्थाहरुको सुचि समावेश छ र भ्रष्टाचार विरुद्ध विश्वव्यापी अभियानको क्रममा मनाइने मुख्य घटना/अभियानहरु क्रमबद्ध रुपमा राखिएका छन्, कुपया यहाँ थिच्नुहोस् *here* ।

**परिच्छेद १ – सदाचारीता समुहका लागि निर्देशिका**

१. सदाचारीता समुह विद्याथीको अगुवाई भएको स्वैछिक समुह हो जहाँ यसका सदस्यहरु इमान्दारित र सदाचारीता प्रबर्द्धन गर्न कटिबद्ध छन् ।

२. सदाचारीता समुहका कृयाकलापहरु सैद्धान्तिक तथा व्यवहारिक रुपमा मिश्रित हुनुपर्छ । कक्षा, विद्यालय र समुदाय केन्द्रित कृयाकलापहरुको मिश्रण गरेर व्यवहारिक कृयाकलापहरु गर्नुपर्छ ।

३. सदाचारीता समुह पूर्ण रुपमा पहुँचयोग्य हुनुपर्छ र फरक फरक खालका अपांगता भएका वा सिमान्तकृत वर्गका सबैलाई समेट्ने हुनुपर्छ । लैङ्गिक संतुलनको जहिले पनि सम्मान गरिनुपर्छ । यस समुहका सदस्यहरु जहिले पनि सामाजिक सष्हिणुता र एकतालाई प्रबर्द्धन गर्न र बलियो बनाउन प्रयासरत हुनुपर्छ ।

४. विद्यार्थीलाई अभ्र प्रोत्साहित गर्न र उनीहरुको नेतृत्व क्षमता बढाउनका लागि सदाचारीता समुह वा अन्य रचनात्मक कृयाकलाप/स्थानहरुको नेतृत्व एवं व्यवस्थापन गर्ने काम आफ्ना शिक्षक वा टोली नेताको सहयोगमा विद्यार्थीले गर्नुपर्छ ।

५. प्रत्येक सदाचारीता समुहमा अनुगमनका लागि आन्तरिक संयन्त्र हुनुपर्छ र कतै सहभागीको धारणा परिवर्तन भएको छ वा सहभागीको संख्या बृद्धि भएको छ आदि बारेमा बेलाबेलामा समीक्षा गर्नुपर्छ ।

६. सहभागीहरु समुहमा सहभागी हुनुभन्दा पहिले सदाचारीताप्रति उनीहरुको दृष्टिकोण कस्तो छ भनेर आधारभुत सूचना संकलन गर्नका लागि प्रश्नावली बनाउन प्रोत्साहन गरिन्छ । शैक्षिक सत्रको अन्त्यमा विद्यार्थीको दृष्टिकोणमा कुनै फरक आयो कि भनेर जाँच्नका लागि फेरी त्यही प्रश्नावलीहरु भर्न लगाउनुपर्छ ।

७. सदाचारीता समुह स्थापना गर्दा र कृयाकलापहरु संचालन गर्दा यी गुणहरुलाई सधैँ ध्यान दिनुपर्छ : सहभागीमुलक, अन्तरकृयात्मक, समावेशी, समुदाय र विद्यार्थी जिवनसँग सम्बन्धित, विविधताको सम्मान, सबैलाई समान व्यवहारको वातावरण, समुदायसँगको सहकार्यमा निर्मित आदि ।

८. समुहले अफ्ना सदस्यहरुलाई व्याज (badge) वा अन्य कुनै स्पष्ट चिनिने विल्ला प्रदान गर्नुपर्छ ताकि समुदाय या विद्यालयमा उनीहरुको पहिचान सजिलैसँग होस् ।

९. अभिभावको सत्य सदाचारीताका विषयमा बुझाई अभिबृद्धि गर्न र समुहले गरेका काममा साथ खोज्नका लागि सकेसम्म कृयाकलापहरुमा अभिभावकालाई सहभागी गराउनुपर्छ । यसैका लागि फरकफरक पुस्ताका विद्यार्थी, अभिभावक र समुदायलाई एक ठाउँमा ल्याउने कार्यक्रमहरुलाई प्रोत्साहन गरिन्छ ।

**परिच्छेद २ सामुदायिक सदाचारीता विकास कार्यमा संलग्न हुनका लागि निर्देशिका**

१. अनुगमन समुहमा कम्तिमा ४ जना विद्यार्थीहरु हुनुछ । आफ्नो सुरक्षा र सुरक्षाका कारण विद्यार्थीले कहिल्यै पनि एक्लै अनुगमन गर्नुहुँदैन ।

२. विद्यार्थीले यस्ता परियोजनाहरु अनुगमन गर्नुपर्छ जुन दुरीको हिसाबले नजिक होस् जसकारण अनुगमन सजिलैसँग गर्न सकियोस् र समय खेर नजाओस् ।

३. विद्यार्थीले आफुले छनौट गरेका परियोजनाको अनुगमन कम्तिमा महिनामा एकपटक गर्नुपर्छ र हरेक महिना ३० मिनेट अनुगमनको क्रममा भएका प्रगति र चुनौतीका बारेमा समुह बैठको सुरुमा छलफल गर्नुपर्छ ।

४. बजेट, आधिकारिक कागजात र पूर्वाधार निर्माणका सामानको गुणस्तरको बारेमा मुल्यांकन गर्ने बेलामा विद्यार्थीले विज्ञ वा आफ्ना शिक्षकहरुका सहयोग लिनुपर्छ ।

५. विद्यार्थीले कुनै पनि परियोजना कम्तिमा ५-६ महिनाको अवधिसम्म अनुगमन गर्नुपर्छ । परियोजनाको प्रकृति हेरेर कुनै परियोजनाको अनुगमन लामो समयसम्म पनि गर्नुपर्ने हुनुसक्छ ।

६. समुदायलाई प्रत्येक चरणमा सहभागी गराउनु निकै महत्वपुर्ण छ । अनुगमन गर्ने परियोजनाको छनौट गर्ने बेलामा समुदायसँग परामर्श गरिनुपर्छ र अनुगमनको अवधिभर उनीहरुलाई जानकारी दिइराख्नुपर्छ । अनुगमनको अन्त्यमा समाधानहरु लागु गरिए कि गरिएनन्, यसको परिणामको बारेमा जानकारी समुदायलाई गराउनुपर्छ । सन्दर्भ अनुसार समुदायलाई विभिन्न विधिबाट सहभागी गराउन सकिन्छ (जस्तै स्थानीय रेडियोबाट सूचना, रेडियो कार्यक्रम, सार्वजनिक बैठक, सडक नाटक, समाचारपत्र आदि) ।

७. साझेदार गैह्रसरकारी संस्थाको सहयोगमा आफ्नो अनुगमनबाट प्राप्त निष्कर्षहरु DevelopmentCheck मा संग्रहित गर्नुपर्छ ।

८. विद्यार्थीले अनुगमको निष्कर्ष रिर्पोट लेख्नुपर्छ जसमा अनुगमन गर्दाको अनुभव, समस्याहरु कसरी पहिचान गरिए र समाधानका के उपाय लागु गरियो भनेर उल्लेख गर्नुपर्छ ।

९. सरकारी पदाधिकारी र नीजी संस्थाका अधिकारीलाई संलग्न गराउँदा देशको विद्यमान ऐन नियमको (जस्तै गोपनियता सम्बन्धी कानुन, नीजि सम्पति/जग्गाको प्रयोगबारे कानुन आदि) बारेमा विद्यार्थीहरु जानकार हुनुपर्छ र ती कानुनहरुको पालना सधैँ गर्नुपर्छ ।

१०. सरोकारवालाहरुसँग काम गर्दा विद्यार्थीहरुमा सिधा टकराव नगर्ने र सहकार्य गर्ने मनसाय र व्यवहार हुनु जरुरी छ ।

११. विद्यार्थीले आफुले पाएका निष्कर्षहरु जहिले पनि तस्वीर, समुदायका सदस्यहरुका भनाईहरु आदिबाट प्रमाणित गर्न सक्नुपर्छ ।

१२. कुनै विशेष परिस्थितिमा वा असुरक्षित महसुस गरेमा वा धम्क्याइएमा के गर्नुपर्छ भनेर निश्चित नभए विद्यार्थीले जहिले पनि आफ्ना शिक्षक र साझेदार गैह्रसरकारी संस्थामा सम्पर्क राख्नुपर्छ ।